# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजाति, बहुभाषी, बहुसांस्कृतिक मुलुक हो । यो बिबिधता नै नेपालको बिशिष्ठ पहिचान मानिन्छ । नेपालको जनगणना २०५८ अनुसारले नेपालमा ५९ प्रकारका जनजातिका समूहहरू रहेको पुष्टी गरेको छ भने हाल नेपालमा १०३ जनजातिका समूहहरू रहेको तथ्यको जानकारी आदिवासी जनजाति महासंघ नेपालले जनाएको छ । यी सबै जनजातिहरूको आ-आफ्नै किसिमका मूल्य, मान्यता, भाषा, धर्म, संस्कृति र रीतिरिवाजहरू रहेका हुन्छन् । समयको परिवर्तनसँगैं यी सबै मूल्य, मान्यता, भाषा, धर्म, संस्कृति, रीतिरिवाज, समाज संरचना र संस्कारहरूमा पनि परिवर्तन हुदैं जाने गर्दछन् (भण्डारी, २०५०) ।

पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा “नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो” भने झैं नेपालमा विभिन्न जातका मानिस र विभिन्न भाषा-भाषी रहेको प्रष्ट हुन्छ । चार जात भित्र ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रहरू पर्दछन् भने यसका विभिन्न उपजातिहरू पनि रहेको पाइन्छ । चार जात मध्ये ब्राम्हण र क्षेत्रीको स्थान नेपाली समाजमा अलि उच्च रहेको पाइन्छ भने वैश्यको अलि न्यून र शुद्रको सबैभन्दा तलको स्थान रहेको पाइन्छ । यसमा कामी, दमाई, सार्की, गाइने, बादी र पोडे जस्ता दलित जातिहरू पर्दछन् । यस्ता दलित जातिहरू विशेष गरेर नेपालको पहाडी भेगमा बसोबास गरेको पाइन्छ । अरु उच्च जातिहरूको तुलनामा दलित जातिहरूको आर्थिक अवस्था न्यून रहेको पाइन्छ । कतिपय दलित जातिहरूले आफ्नो मातृभाषा नभएर नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ ।

नेपालमा खास गरेर मंगोलियन र आर्य जातिको बाहुल्यता जस्तो देखिए पनि अन्य जातिको अस्तित्त्व र वर्चस्व कायमै रहेको पाइन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भू-भागमा खास कुनै जातिको निश्चित रूपमा बसोबास नभएको कारणले एकता र सामञ्जस्यता देखिन्छ (भण्डारी, २०५०) ।

मुलुकी ऐनको अदलको महल नं.१० अनुसार अरुको धर्ममा दख्खल गर्ने गरी कसैले पनि कुनै प्रचार गर्ने वा कसैले कसैको धर्म परिवर्तन गराउन नहुने, कसैले अर्काको सामाजिक परिस्थितिमा वाधा पर्ने वा हुने गरी जर्बजस्ती वा झुक्याई कुनै काम गर्न वा गराउन नहुने, कसैले कसैलाई गराएमा जातिपातीको आधारमा छुवाछुतको भेदभाव पूर्ण व्इवहार गर्न, सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गर्न नहुने गरी व्यवस्था गरेको छ । यसलाई उलङ्घन गरेमा एक वर्ष कैद र तीन हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्थाले जातिपाती भेदभावको अन्त्य गरेको छ ।

नेपाल अधिराज्यको कुल जनसङ्ख्याको २०% जनसङ्ख्या दलित छ भनि विभिन्न स्रोतमा उल्लेख गरेको पाइन्छ । तर जनगणनाले स्वीकारेको छैनन् ।

नेपालमा जाति प्रथाको सुरुवात कहिलेदेखि सुरु भयो भन्ने सम्बन्धमा समाजशास्त्रीहरूले किटान गरेर भन्न सकेका छैनन् । इतिहासकार बालचन्द्र शर्माको अनुसार गौतम बुद्धले जाति प्रथाको विरोध गरे तापनि गौतब बुद्ध जन्मनु अघि नै जाति प्रथाले जरो गाडी सकेको देखिन्छ । पछि बुद्ध जन्मेपछि मात्र यसैको विरोधमा बौद्ध धर्मको प्रतिपादन गरेका हुन् ।

भण्डारी (२०१५) का अनुसार पहिलेका राजाले वा राजपरिवारले मात्र गहना लगाउन पाउने रूदीवादी परम्परामा सुधार भएको पाइन्छ भनि उल्लेख गरेका छन् । जयस्थिति मल्लले जातीय विभाजनको पुनस्थापनका साथै त्यसको व्यापकतालाई लागु गर्न विशेष जोड दिएका थिए । ४ वर्ण १८ जातको विभाजन पहिलेदेखि नै भएको हो । जयस्थिति मल्लले सङ्ख्या बढाएर ७२५ बनाए थिए । उनले ब्राम्हणलाई पञ्चगौड र पञ्चद्रविड, नेवारलाई ३६ जात बनाएर त्यस मध्ये १३ लाई तागाधारी बनाए । ज्यापुका ३२, कसाईका २, नङ काट्नेका ७२, खसको ६४, बौडाका ४, कुसुन्डाका ४, चर्मकार कलुवाका ४ उपजातहरू कायम गरे (रेग्मी २०३६) ।

नेपाल बहुजातीय बहुभाषिक र बहुसांस्कृतिक सम्पन्न मुलुक हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराईसम्म विभिन्न जातिहरूहरू बसोबास गरेको पाइन्छ । ती जातिहरू मध्ये कामी जाति पनि एक हो । यिनीहरू नेपालको विभिन्न ठाउँमा छरिएर रहे तापनि मुख्य गरेर पहाडी भेगमा बसोबास गरेको पाइन्छ । यो जाति खास गरेर फलामका औजार तथा भाँडाकुडा बनाउने आफ्नो सांस्कृतिक पहिचान बोकेको जातिको

रूपमा चिनिन्छ । यो जातिलाई विश्वकर्मा भनि नामाकरण गरेको पाइन्छ । आर्थिक रूपमा विपन्न भएकोले शिक्षा, रोजगार र आधुनिक सुविधाबाट वञ्चित भएको देखिन्छ । यस जातिको आफ्नो छुट्टै सामाजिक, सांस्कृतिक पहिचान समाजमा रहेको पाइन्छ । यिनीहरू अन्य जाति सरह नै नेपाली भाषा बोल्ने र हिन्दु धर्म नै मान्ने गरेको पाइन्छ । आधुनिकीकरणको कारणले गर्दा यस जातिको जातिगत पेसा धरापमा परेको पाइन्छ । जसको कारणले गर्दा यस जातिले आफ्नो जातीय पेसाबाट मात्र जिविकोपार्जन गर्न नसक्ने भएकोले अन्य पेसा पनि अपनाउँदै आएको पाइन्छ । अन्य पेसा अन्तर्गत यस जातिमा कोही कृषि पेसामा लागेको पाइन्छ भने युवा पिँढीहरू विदेशिएको पाइन्छ ।

## १.२ समस्याको कथन

नेपाल अधिराज्यभरि विभिन्न जातिहरूहरू बसोबास गर्दछन् । ती जातिहरूहरूको छुट्टाछुटै जातीय पहिचान छ । प्रत्येक समाज एवं जातिहरूको बीचमा आ-आफ्नो भाषा एवं रीतिरिवाज, सामाजिक, सांस्कृतिक परम्परा रहेका छन् । कार्ल मार्क्सको भनाइ जसले समाजमा उच्च वर्ग र  निम्न वर्गलाई शोषण गर्न थाले । यसको विरूद्ध युद्ध भयो र परिणाम स्वरूप समाज परिवर्तन भयो । जाति व्यवस्थालाई पालन गर्ने समाजमा विशेष गरेर तल्लो जातिले माथिल्लो जातिको सेवा गरेको पाइन्छ । माथिल्लो जातिको सेवा गर्दै आएका जाति मध्ये कामी जाति पनि प्रमुख मानिन्छ । जो खास गरेर नेपालको पहाडी भू-भागमा बसोबास गर्दै आएको पाइन्छ । यस्तै पहाडी भागको डडेल्धुरा जिल्लामा बसोबास गर्दै आएका कामि जातिको आर्थिक तथा सामाजिक अवस्थाबारे जानकारी लिनु यस अध्ययनको मुख्य समस्या मानिएको छ । मुलतहः डडेल्धुरा जिल्लाको अजयमेरुगा.वि.स. अन्तर्गत वडा नं.३  लाई मूल आधार मानेर सोही वडामा बसोबास गर्दै आएका दलित जातिहरू मध्येक कामी जातिको मात्र आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षबारे जानकारी लिने प्रयास गरिएको छ।

यस शोधपत्रमा कामी जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्ने क्रममा मुख्य गरी डडेल्धुरा जिल्लाको अजयमेरुगा.वि.स.लाई लिइएको छ । यस गा.वि.स.मा बसोबास गर्दै आएका कामी जातिको मुख्य पेसा फलाम पिट्ने र माथिल्लो जातिको सेवा गर्नु नै रहेको देखिन्छ । राजनीतिक हिसाबले यो जाति निकै दबेर रहेको पाइन्छ । ब्राम्हण

तथा क्षेत्री जातिको आदेश पालन गर्नु यिनीहरूको कर्तव्य रहेको छ । हाल आएर फलाम पिट्नुका साथै कृषि पेसामा संलग्न रहेको पाइए तापनि यिनीहरूको घर व्यवहार विष्ट प्रणालीमा आधारित छ । यस अध्ययनमा विशेष गरी दलित वर्ग अन्तर्गत कामी जातिको सांस्कृतिकरण र यिनीहरूको सामाजिक तथा आर्थिक पक्षमा हाल रहेको निर्धनतालाई मध्यनजर गर्दै यिनीहरूको विकास गराई देशको उत्थान हुने हेतुले विगत तथा वर्तमान अवस्थाबारे प्रकाश पार्ने कार्यलाई प्रमुख आधार मानिने छ । यस अध्ययनका समस्याहरु यस प्रकार छन् :

क) अजयमेरु गा.वि.स.का कामी जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था कस्तो रहेको छ?

ख) कामी जातिको वर्तमान अवस्थामा देखा परेका सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरु के के हुन?

ग) यस जातिको अन्य जातिसँगको सम्बन्ध कस्तो रहेको छ?

## १.३ अध्ययनको उद्देश्य

यस शोध अध्ययनको प्रमुख उद्देश्य कामी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको छोटो विवरण तयार पार्नु हो । साथै उनीहरूको संस्कृति, भेषभुषा, धर्म, चाडपर्व, सामाजिक र आर्थिक अवस्था र उनीहरूको विकासबारे प्रकाश पारिएको छ । विशिष्ट उद्देश्यहरू निम्न लिखित छन् :

१. अजयमेरु गा.वि.स.का कामी जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा प्रकाश पार्नु,

२. कामी जातिको वर्तमान अवस्थामा देखा परेका सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको बारेमा जानकारी लिनु,

३. यस जातिको अन्य जातिसँगको अन्तर सम्बन्धका बारेमा जानकारी लिनु ।

## १.४ अध्ययनको महत्त्व

नेपालमा विभिन्न जातिहरू बसोबास गर्दछन् । कुनै पनि जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि अध्ययनबाट मात्र कुनै पनि मुलुकको वास्तविकता बारेमा जान्न सकिन्छ । नेपाललाई विभिन्न जातिहरूहरूको संगमस्थल मानिएको छ । प्रत्येक जातिहरूहरूले आफ्नै किसिमको सामाजिक, सांस्कृतिक, रीतिरिवाज तथा आर्थिक पक्षको चिनारी दिँदै आएका छन् । त्यस्तै गरी नेपालमा बसोबास गर्दै आएका जातजातिहरू मध्ये कामी पनि एक हो । नेपालमा बसोबास गर्दै आएका प्राय: जसो कामी जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको बारेमा पूर्ण रूपमा चिनारी दिन नसके तापनि डडेल्धुरा जिल्लाको अजयमेरु गा.वि.स.वडा नं ३ मा बसोबास गर्दै आएका कामी जातिको अध्ययनको अलिकति भए पनि समग्र नेपालभरिकै कामी जातिको बारेमा केही कुरा स्पष्ट जानकारी दिने जमर्को गरेको छ । यसको साथै जातिगत, सामाजिक आर्थिक तथा सांस्कृतिक पक्षको अध्ययनले मात्र जाति विशेषमा सही तथ्य पत्ता लगाउन सकिन्छ ।

एक जातिको अध्ययन कार्य भएमा पनि सिंगो राष्ट्रलाई नै प्रभाव पार्ने भएकोले सम्पूर्ण समुदायको अध्ययनमा गर्नु महत्त्वपूर्ण कुरा हो । नेपाल भूमिमा बसोबास गर्दै आएका सम्पूर्ण समुदायहरूको अध्ययन गर्न सकेमा देश विकास केही मात्रामा भए पनि टेवा मिल्न सक्ने कुरामा दुई मत छैन । यस अनुसन्धानमा समाजशास्त्रीय एवं मानवशास्त्रीय दृष्टिकोणले कामी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा विभिन्न भाग माथि प्रकाश पारिने हुँदा आगामी दिनमा यस विषयमा अध्ययन गर्न चाहने विद्वानलाई सहयोग गर्ने नै छ । कामी जातिको अध्ययनको महत्त्व निम्न बुँदामा प्रस्तुत गरिने छ:

क) कामी जाति बारे अध्ययन गर्ने व्यक्ति तथा अध्ययनमा सहयोग पुऱ्याउने ।

ख) स्वदेशी तथा विदेशी समाजशास्त्रीलाई जातजातिहरू अध्ययनमा सहयोग पुऱ्याउने ।

ग) कामी जातिको विविध पक्षको अध्ययन र विश्लेषण गरी सही तथ्यलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउने ।

घ) पिछडिएका जातिको संस्कृति अध्ययनमा तुलनात्मक अध्ययनमा सहज बनाउने ।

उपरोक्त बुँदाहरूमा उल्लेख गरिए अनुरूप शोधकार्य गरिएको छर यस शोधकार्यले कामी जातिको उत्थान र पहिचान गराउन महत्त्वपूर्ण भूमिका खेल्ने छ भन्ने आशा गरिने छ।

# अध्याय : दुई

## पूर्व साहित्यको समीक्षा

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमाल, पाड र तराईका क्षेत्रहरूमा विभिन्न जातिहरूहरू छरिएर रहेका पाइन्छन् । विभिन्न जातिहरूहरूको बसोबास रहेकाले नेपालमा जातीय विविधता मात्र नभई सांस्कृतिक र धार्मिक विविधता पनि पाइन्छ । ती जातिहरूको आफ्नै जातीय, भाषा, संस्कृतिक र रीतिरिवाजहरू विद्यमान छन् । ती जातिहरूको अध्ययनविना उनीहरूको रीतिरिवाजका साथै धार्मिक, सांस्कृतिक, आर्थिक जस्ता पक्षको बारेमा जानकारी पाउन सकिँदैन । त्यसैले विभिन्न जातिहरूहरूको बारेमा गहन अध्ययन गर्न आवश्यक हुन जान्छ । यस्तो अध्ययन अनुसनधानबाट मात्र विभिन्न जातिहरूहरूको बारेमा जानकारी प्राप्त भई जातिहरूको पहिचान हुन जान्छ । त्यसैले आजको सन्दर्भमा जातिहरूहरूको बारेमा अध्ययन गर्नु महत्त्वपूर्ण मानिन्छ ।

### २.१ सैद्धान्तिक समीक्षा

नेपाल विभिन्न जातिहरू र संस्कृति भएको मुलुक हो । नेपाली समाज जातीय प्रणालीमा आधारित रहेका छन् । यहाँ मुख्य गरी जातलाई ४ वटा समूहमा विभाजन गरिने छ। जसमा ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र रहेका छन् । नेपालमा जातीय वर्ण व्यवस्था अनुसार ब्राम्हण सबैभन्दा उच्च तहमा, त्यसपछि क्षेत्री मध्यम तहमा र सबैभन्दा निम्न तहमा शुद्र रहेका पाइन्छन् । यिनीहरूका तहगत स्तरीकरणमा पनि सामाजिक हैसियत तथा भूमिका फरक-फरक रहेका छन् । जसमा ब्राम्हण पुरोहित, क्षेत्री शासक र लडाकु र शुद्र सेवकको रूपमा रहने व्यवस्था रहेको पाइन्छ । यसरी समाजमा जातीय व्यवस्थाले एक किसिमको एकता तथा प्रकार्यात्मक सम्बन्ध स्थापना गरेको छ भने सामाजिक विभेद तथा असमानताहरू पनि सिर्जना गरेको छ । समाजमा जातीय व्यवस्थाको कारण तल्लो वर्गमा पर्ने जातिहरू सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक लगायत समग्र पक्षहरूमा शोषित र पीडित रहेका पाइन्छन् ।

जात भन्नाले जन्मेको पैदा भएको, उत्पन्न भएको व्यक्तिको वंश, परम्परा, धर्म, गुण, आकृति, वासस्थान आदिका आधारमा विभाजित मनुष्यको जाति वा वर्ग भनि परिभाषा गरिएको पाइन्छ । (शब्दकोष, २०४०)

नेपालमा रहेका जातजातिको जनसंख्या १०१ पुगेको छ भने मल्लकालिन समाजमा नेपालमा बसोबास गर्ने मानव समुदायलाई राजा जयस्थिति मल्लले ७२४ जातमा विभाजन गरेको देखिन्छ । नेपालमा रहेका यिनै चार जाति मध्ये शुद्र जातिमा पर्ने कामी पनि एक जाति हो । कामी जाति को  हुन ? यीनिहरुको उद्‌गम स्थल कहाँ हो नेपालमा यिनिहरुको बसोबास कहिले देखि भएको हो भन्ने सन्दर्भमा निश्चित प्रमाणहरु प्राप्त भएका छैनन् भन्दा अत्युक्ति नहोला । इन्साइक्लोपेडिया अफ रिलिजनको अनुसार शुद्र जातिहरु आर्य समुहमा पनि जो गरिब छन् जसले कृषि पेशालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न जानेका थिएनन् तिनीहरुका समूहलाई नै यस जातिमा राखी अन्य आर्यहरुको सेवा गर्ने, स्याहार गर्ने, सुसार गर्ने दास वर्गको रुपमा राखेको पाइन्छ । त्यस्तै गरी यस जातिको उत्पत्तिको सन्दर्भमा हिन्दुहरुको पवित्र मानिने धर्म ग्रन्थ ऋग्वेदमा भनिएको छ की शुद्र जाति विश्व पुरुषको पैतालाबाट उत्पत्ति भएको हो । आर्य समूहको नै एक शाखाको रुपमा खसहरु रहेको पाइन्छ । खस अर्न्तगत ब्राम्हण क्षेत्री जस्ता माथिल्ला जातिको अलावा तल्लो जातिमा दमाइ, कामी, सार्की आदि पनि पर्दछन् । (शर्मा, २०५४)

विश्वकर्माका सन्तान ठहरिएका कामी जातिको प्रारम्भिक थलो बन्नोज मानिन्छ । काठ फलामको विभिन्न सामान बनाउने जातिको नाम कामी हो । यो जाति भारतको विहार राज्यको चम्पारन जिल्लामा बसेका दार्जिलिङका कामी बाहेक अन्य नामले चिनिन्छन् । लोहार, बठइ अथवा मिस्त्रि नामले प्रसिद्ध यस जातिका मानिसहरु आफूहरुलाई मूल रुपमा लोहार नै भन्न मन पराउछन् । आफ्नो पेशा संरक्षकको रुपमा विश्वमित्रको आरधाना  गर्ने यो जातिका पूर्वज विश्वकर्मा नै हुन । नेपालमा कामी, बठई, लोहार, नामले चिनिने यो जाति भारतमा कोकसा, गोविन्दपुरीया, मथुरीया, महुलिया, कन्नोजिया आदि नामले चिनिन्छन् ।  यिनिहरुले हिन्दु धर्म नै स्वीकार्ने भएतापनि धार्मिक कट्टरता पाइदैन । आ-आफ्नो कूल देवताको पूजा गर्दछन् । अन्य संस्कार ब्राम्हण, क्षेत्रीसँग मिल्दछन् । चाडपर्वहरु दशै, तिहार लगायत हिन्दुहरुले मान्ने गरेका चाड मान्दछन् । विश्वकर्माहरु विभिन्न थरमा विभाजित छन् । गडाल, रोक्का, सुनचुरी, नेपाली, ठाकुर, शर्मा, मिस्त्री आदी पाइन्छन् भने

भाषा नेपाली तथा क्षेत्रीयताको आधारमा सोही क्षेत्रमा बोल्ने भाषा बोल्दछन् । सुनार खास गरी सुनचाँदीको गहना बनाउने काम गर्दछन् । तराईमा यो काम गर्नेलाई सोनार पनि भनिन्छ । (चौधरी, २०४८)

महिलाद्धारा गरिने कार्यमा विशेषगरी घर र खेतको काम नै हुन्छ । यसमा पनि विभिन्न किसिमका अत्यन्तै कठिन कार्यहरु समावेश भएका हुन्छन् । जस्तै निकै टाढा गएर पानी बोक्नु, दाउराहरु संकलन गर्नु, पशुहरुको हेरचाह गर्नु साथै अन्य कामहरु खाना पकाउने, घर सफा गर्ने, परिवारका सदस्यहरुको हेरविचार गर्ने, परिवारका सदस्यहरुको सहयोग गर्ने घरको यी सबै कार्यहरु गर्नका साथै महिलाहरु पूर्ण रुपमा कृषि कार्यमा सहभागी भएका हुन्छन् । ९मक्बममभल बलम एाद्यबिष्पष्भ, ज्ञढठढ०

ऋबउबिल ीष्यलभ९ज्ञढठ५० ले ीबलम बलम क्यअर्ष्बा ऋजबलनभ ष्ल भ्बकत ल्भउबर्ा स् ब क्तगमथ या ज्ष्लमग बलम त्चष्दर्बा चभबितष्यलक अर्न्तगत पूर्व पहाडका राई लिम्बु र बाहुन क्षेत्री बीचको सम्बन्धको अध्ययन गरेका थिए । जसमा ईलामवासी बाहुन,क्षेत्री र राई लिम्बू बीचको द्धन्द्ध देखाउने प्रयास गरिएको छ ।

मुलुकको विषम सामाजिक परिवेशमा जातपात, छुवाछुत, एवं भेदभाव जस्ता अमानवीय तथा अव्यवहारिक परिणतिको विरुद्धमा प्रगतिशित प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितले सशस्त रुपमा कलम चलाउँदै आइरहेका छन् । यसरी जातीय मुक्तिको सवालमा विद्धान, लेखक द्धेयहरुबाट समय सापेक्ष ढंगले कलम चलाइनु दलित समुदायकोलागि अवश्य पनि महत्वपूर्ण र उपलब्धिमूलक कार्य हो । समाजमा विश्रृंखलापूर्ण अवस्थामा रहेको सामाजिक परिपाटीको मुख्य जड भनेको नै हिन्दु धर्मको सिद्धान्त र दर्शनलाई औल्याएका छन् । विद्धान प्रश्रितले भन्दछन् भ्रण्डै तीन हजार वर्ष देखि भारतीय उपमहाद्धिपको मानव समाज जातपातको भेदभाव र असमानताबाट अत्यन्त पिडित छ भ्रण्डै ढाई हजार वर्ष देखि यस समाजले छुवाछुत प्रथा जस्तो घृणित कलमको टिका पनि आफ्नो निधारमा लगाउदै आएको छ । समाजमा विषभ्कै भ्राङ्गिएका यी अभिशापहरुले मानव जातिको एउटा ठूलो हिंसालाई यति सार्न्है अत्याचार र उत्पीडनमा पारेका छन् । जसलाई हजारौं महाकाव्य र उपन्यास लेखेर पनि पुरा अभिव्यक्त गर्न सकिने छैन । (प्रश्रित, २०५३)

दलित वर्गको उद्धारको निम्ति अधुरो ठानिएको कथित सात साले प्रजातन्त्र आएको पनि आधि शताब्दी भयो तर यसले आज सम्म ती निरपेक्ष गरिबीको रेखा मुनी रहेका उत्पीडित जनतालाई मानव उचित आत्मसम्मान र न्यूनतम जीविका उपार्जनको अवसर पनि उपलब्ध गराउन सकेन यस प्रजातन्त्रले त लिच्छवीकालिन राज्य सत्तावृत्तमा ऐजेरु(परजीवि विरुवा) ले झै जरा धसाई राज्य सुख तथा ऐश्वर्य शोषण गर्दै आइरहेको त्यही ब्राम्ह्ण वर्गमाथि थोपरिदिएको तथ्य स्पष्टै रहेको छ । सुविख्यात मानवशास्त्री डोर बहादुर विष्टको धारणामा- 'प्रजातन्त्रको सबै भन्दा महत्वपूर्ण पक्ष कुनै पनि अवसर र अधिकारमा समानता नै हो ।' 'किंन्तु नेपालमा हाल यस्ता सबै जसो अवसरहरु तिनै शिक्षित हिन्दु उच्च जातका मानिसहरुले कुम्ल्याएका अवस्थामा छन् र तिनीहरुको मनोवृत्ति चेतन तथा अचेतन अवस्थामा ति विशेष सहुलियतहरुको सुरक्षा गर्नु हो । (Bista, 1994, p. 113)

टेक बहादुर विश्वकर्माले नेपालको जाति भेद र विश्वकर्मा इतिहास नामक पुस्तक लेखि ऐतिहासिक पृष्ठभूमिको आधारमा कामी जातिको अवस्था बारे यथार्थ चित्रण गरेका छन् । उनले इतिहासको पूर्वाधमा यी जाति एक अत्यन्तै मेहनत कलाकर्मी र श्रमजीवी वर्ग भएको जसलाई अति स्वार्थी प्रवृत्तिका चतुर एवं धुर्त ब्राम्ह्णहरुले उनीहरुको श्रम उपर सधैभरी शोषण गरि राख्नको निम्ति बद्नियतपूर्ण मनोवृत्तिले इतिहासलाई गलत दिशामा डोऱ्याए । जसको कारण समाज विकासको इतिहासमा सभ्यता र सृजनशिलताका सुत्रधार यी वर्गहरु आज आएर समाजमै अपहेलित उपेक्षित एवं परिष्कृत बन्न पुगेका छन् । (विश्वकर्मा, २०५३)

महिला (दलित) महिला र पुरुष बीचको भेदभाव परिवार भित्रबाट शुरु हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइदैन र समाजमा प्राप्त हुने मौकाहरु र उपलब्धिहरु माथि माथिल्लो वर्गले एकाधिकार जमाएको हुन्छ । कुनै पनि जातका महिलाको सामाजिक सांस्कृतिक एवं आर्थिक क्रियाकलापहरुमा हुने सहभागिता उनका श्रीमान, बाबु, आमा, पुरुष नातेदारको प्रकृतिमा भर पर्दछ । (राष्ट्रिय मानवअधिकार आयोग, २०६०ः ७०)

जातीय व्यवस्थाका विभिन्न पक्षसँग संस्कृतिकरण जोडिएको पाइन्छ । नेपालमा फरक दुई सांस्कृतिक अभ्यास बोकेका तीन समूहका मानिस विभिन्न क्षेत्रबाट आइ बसोबास गरेको पाइन्छ । कर्णाली प्रदेशमा प्रभुत्व जमाएर बसेका ब्राम्ह्ण, क्षेत्रीले आफ्नो शक्तिलाई बिस्तार

गर्दै गए । पर्वते तथा गोर्खालीको संज्ञा पाएको यो राज्य शासक संस्कृति, आर्थिक, राजनीतिक प्रशासनिक भाषिक क्षेत्रमा बलियो थियो । ९क्जबचकब, ज्ञढठठ०

समाजमा महिलाको भूमिका पूरुषको भन्दा निम्न रहेको हुन्छ । महिलाहरु पुरुषद्धारा दमित छन् । शोषित छन् । एकातिर महिलाहरुलाई देवीको रुपमा पुजिएको पाइन्छ भने अर्कोतिर महिलाको हैसियत दासीको रुपमा पनि रहेको पाइन्छ । ९द्यभललभतत ,ज्ञढडघ०

महिलाहरुले सामाजिक संरचना र सम्बन्धलाई निरन्तरता दिनु पर्दछ । विवाह पश्चात्त घरमा गएपनि दुवैतिर सुमधुर सम्बन्ध कायम गर्नुपर्दछ । तर पुरुषहरु सधैभर जन्म घरमा नै बस्दछन् । आफ्नो वंशलाई निरन्तरता दिन्छन् । महिलालाई शरीर निर्माता र पुरुषलाई दिमाग निर्माताका रुपमा लिनुले पनि महिलामाथि शोषण एवं दमन भएको कुरा झल्किन्छ । (Kathryan,1983)

नेपालका ऐन कानूनहरु हिन्दु धर्मका विभिन्न नियम, मान्यता एवं आदर्शद्धारा निर्देशित छन् । हिन्दु धर्मले महिलालाई भन्दा पुरुषलाई जोडदिएको छ । नेपालका ऐन, कानुनका निर्माता यही धर्मद्धारा अभिप्रेरित भएकोले उनीहरुले महिला पुरुषलाई समानता हुने गरी कानुन बनाउन सकेका छैनन् । (Bennett,1979)

सांस्कृतिक चलन एवं संस्कारले समाजमा महत्वपूर्ण एवं शक्तिशाली भूमिका खेल्दछ किनकी संस्कारले समाजका मानिसलाई आर्दशताको उद्दीपन मार्गमा सयर गरेको अनुभव गराउँछ । धार्मिक आचरणलाई व्यवहारिक रुप दिन्छ । तथ्यगत कुरालाई नाटकीय स्वरुप प्रदान गर्दै मानिसलाई एकता समझदारीमा लीन हुन जोडदिन्छ । समाजका मौलिक मान्यताहरुलाई संरचना, पुनः संरचना र तिनीहरुको समयानुकुल पुर्नस्थापना गर्ने कार्य संस्कारले गर्दछ । (Ortner, 1978)

नेपाल एक कृषि प्रधान भएकोले यहाँको मुख्य आयश्रोत कृषि हो । जनसंख्याको आधा हिस्सा ओगटेका नेपाली महिलाहरुले कृषि क्षेत्रका प्रारम्भदेखि समाप्ति सम्मका सम्पूर्ण कार्य गर्दछन् । महिला विना कृषि उत्पादन पूर्ण रुपमा हुन्छ भनेर कल्पना पनि गर्न सकिदैन । (अधिकारी, कार्की, १९५४)जनसंख्याको आधा भाग ओगटेको अर्थात आधा आकाश ढाकेको महिला वर्गको विकासकोलागि नेपाल सरकारका साथै विभिन्न गैर सरकारी संस्थाहरु लागि परिरहदा पनि यो राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रही आएको छ । २०५८ सालको जनगणना

अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत महिला रहेको भएतापनि यिनिहरु सामाजिक, आर्थिक, राजनैतिक दृष्टिकोणले पछाडि परिरहेको छन् । नेपाली महिलाहरु घर देखि बाहिर जस्तो शिक्षा, स्वास्थ्य, जागिर जस्ता क्षेत्रमा कम पहँच र कम सूचना र सेवाहरु प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रुपमा महिला र पुरुषमा विभेद देखिएको पाइन्छ । ( अर्न्तराष्ट्रिय श्रमसंगठन, १९८२)

राजनैतिक परिवर्तनको साथ साथै सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तन र यस भित्रका सम्पूर्ण कु-संस्कार र कु-प्रवृत्तिहरु हटाएर हामी सबैले एकजुट भएर अगाडी बढ्ने बेला आएको छ । यसको लागि सामाजिक आन्दोलन आवश्यक छदैछ । जब सम्म हामी बौद्धिक वर्गले आफ्नो व्यवहार सच्चाउँदैनौ तबसम्म यी सामाजिक कुरीतिहरु समाजमा रहिरहने छन् । (दाहाल, २०६३)

राणाशासन कालको १०४ वर्षको अवधिमा आदिवासीहरुको अस्तित्वलाई कानुनी रुपमा स्वीकार गरिएन । राणाशासनका प्रवर्तक जंग बहादुर राणाले सन् १८५४ को पुरानो मुलुकी ऐनमा सबै तिब्बती बर्मेली भाषा बोल्ने मंगोलियन समूहरुको मतवाली तहमा राखी हिन्दु जातीय क्षेत्रीमा तागाधारी पछि दोस्रो तहमा राखे र मतवालीहरुलाई मासिने र नमासिने दुई थरीमा विभाजन  गरे । ( भट्टचन, १९९३)

जातपात र छुवाछुतको संस्कार संविधान र ऐन कानुन बनाएर हटाउने उल्लेख गर्दैमा तुरुन्तै हट्नसक्ने कुरा हैन । यो एउटा गम्भीर मानसिक, मनोवैज्ञानिक र सांस्कृतिक समस्या हो । आदेश, अध्यादेश, बल र बन्दुकले यसलाई तुरुन्तै निमिट्यान्न पार्न सकिन्न । (प्रश्रित, २०६३)

महिलाहरुले सन्तान उत्पादन  गर्ने समय र आर्थिक आर्जनकोलागि कार्यमा अग्रसर हुने समय एकै समयमा पर्न गएकोले सन्तान उत्पादन कार्यले महिलाको आर्थिक विकासमा केही असर त जरुर पर्छ नै । जबसम्म महिलाहरुले पनि आर्थिक उपार्जनकोलागि कार्य गर्न सक्दैनन् । उनको विकास हुन नसक्नु स्वभाविकै छ । महिलाले धेरै आर्थिक उपार्जन गर्न नसक्नुको प्रमुख कारण अशिक्षा, गरिबी, गतिहिनता, बढी घरायसी कार्यभार , बढी सन्तान जन्माउने प्रवृत्ति आदि हुन । (मानन्धर, २०६५)

महिलाहरु अन्ध विश्वासी हुन्छन् होइन महिलाहरुलाई अन्धविश्वासी बनाइएको छ । महिलाहरु जसो जसो बाहुन बाजे उसै उसै स्वाहा गर्नु परेको छ । पुख्यौंली परम्परा र संस्कार धान्ने नामा बटालो भेडाले जे गर्छ पछिका बथानले पनि त्यही सिको गरे जस्तै बाबु- आमा, सासु-ससुरा र छिमेकीले जे सिकाउँछन, छोरी बुहारीले पनि त्यही सिक्दै आएका छन् । समाजमा जे जति विभेद विकृति र विसंती, कु-प्रथा र कु-संस्कार व्याप्त छ । त्यसलाई नै अन्धो भई आफ्नो धर्म बनाउदै आएका छन् । (थापा, २०६३)

मानिसको उत्पत्तिबाट नै जाति जाति बिच भेदभावको भावना भएको पाइदैन । त्यस बेलाको समाजमा मानिसहरुले आफ्नो गुण र योग्यताका आधारमा विभिन्न पेशागत कार्यहरु गर्दै आएका भएता पनि नत वर्ण व्यवस्था थियो नत कुनै जातिका कारणले मानिस मानिसका बीचमा उचनिचको व्यवस्था नै थियो । ऋग्वेदको पुरुषसूक्तमा भएको वर्णको उत्पत्ति बारेको विवरण भने निकै चर्चित र सांकेतिक छ । पुरुषसूक्त अनुसार एउटै 'विश्वरुप' का अवनयबाट चारै वर्णहरुको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वपप्रथम ब्राम्हणको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाँघ बाट वैश्य र खुट्टाहरुबाट शुद्र जन्मे । (खत्री, २०४४)

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौ नियम चलाए । जस्तै : पहिरनको विषयमा कसाई जातले वाहाँकाटेको लुगा लगाउन, पोडे जातले टोपी, लवेदा,जुत्ता सुनको गहना नलगाउन, कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउनु, यस्ता घरमा नबस्नु, फेरी आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए । (बुढाथोकी, २०३९)

नेपालका दलित महिला तिन प्रकारबाट विभेदीत छन् । पहिलो दलित भएका कारणले, त्यसपछि दलित महिला भएका कारणले, अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछुतको व्यवहारबाट पिडित छन् । त्यसरी नै दलित महिलाहरु पनि स्वत : पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तात्मक भएका कारणले उनीहरु पिडित छन् । जसरी मुल धारका महिला अन्य आर्थिक,सामाजिक र राजनैतिक हिसाबले पिडित छन् । त्यसैगरी दलित महिला झन हुने भए । यसरी नेपालका दलित महिलाले तिन तिर बाट उत्पीडन खप्नु पर्दा उनीहरुको स्थिति के होला जो कोहीले

अनुमान लगाउन सक्छ । दलित पुरुष दलित भएकै कारणले पिडित हुनु परेको छ भने दलित महिला लैङ्गिक कारणले झन पीडित हुनु परेको छ। यी तिन प्रकारका वृहत उत्पीडन बाटै उब्जिएका धेरै समस्याहरु नेपाली दलित महिलाले भोग्नु परेको छ र त्यसलाई सामाजिक, आर्थिक र राजनीतिक समस्याहरुको सेरोफेरो मै हेर्नु पर्ने हुन्छ। (विश्वकर्मा)

नेपालको भौगोलिक विविधता एवं सांस्कृतिक अनेकताले गर्दा समाजशास्त्री एवं मानवशास्त्रीका लागि आकर्षणको स्थल बन्न पुगेको छ । नेपालमा खासगरी नेपाली समाजका जातजाति र संस्कृतिको अध्ययन गर्न सन् १९५०/५१ पश्चात् मात्र अनुमति दिइएकाले यसपछि मात्र उल्लेखनीय विकास हुन थाल्यो । विदेशी अन्वेषकहरूले नेपाली समाज, संस्कृति, जातजाति र व्यवसाय आदि सन्दर्भमा खोज गर्न थाले। यस्ता विद्वानहरूमा Christoph Vonfurur Haimandof (1964) ले Sherpas of Nepal, J.T. Hitchocle (1960) ले Magars of Banyan Hill, Bernard Pignode (1966, 1933) ले Les Gurung, One Population Hamalayennedu Nepal. M. Baberiean (1972) ले Muslim in the Hindu Kingdom of Nepal Conflict and Change in Village Society विषयमा क्षेत्र अध्ययन गरी आफ्ना लेख र पुस्तकहरू प्रकाशनमा ल्याएको पाइन्छ।

यसरी नै नेपाली अनुसन्धान कर्ताले पनि समाजशास्त्र/मानवशास्त्र विषयमा धेरै अध्ययन गरेको पाइन्छ । जस अन्तर्गत Bista (1976) को People of Nepal, Gopal Sing Nepali (1960, 1965) को The Newars, जसमा नेवारी संस्कृतिको जानकारीका साथै नेवार र अन्य जाति बीचको सम्बन्धको अध्ययन गरिने छ। Shrestha (1971) को The Thakuris of Diyaryan, Upreti (1985) को The Thakuris of Diyaryan, Upreti (1985) को The Limbuwan Toady: Process and Problem, Ganesh Man Gurung (1985) को People of the stone age : The Chepangas of Central Nepal, Chaitanya Mishra को बदलिदो नेपाली समाज आदी पर्दछन ।

विष्ट (१९९२) ले नेपालका विभिन्न जाति, जातिहरूका सामाजिक र सांस्कृतिक अवस्थाको रूपरेखा प्रस्तुत गरेका छन् । जहाँ धेरै जातजातिहरूको अवस्थाको वर्णन गरिएकोले समाजशास्त्र/मानवशास्त्रको क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेका छन् । यसरी जाति तथा

जातिहरूको नेपाली मूल प्रवाहमा समेटिदै गएको कुरा र हिन्दूकरण प्रक्रियाद्वारा तिनमा देखा परेका तथ्यलाई प्रकाश पारेका छन् ।

बराली (२०४०) ले नेपालको छुवाछुत विरोधी आन्दोलनलाई अगाडी बढाएका छन् । उपल्लो जातले तल्लो जातलाई हेपाह भावले हेर्ने हुँदा उच्च जातको दमनबाट मुक्ति पाउनका लागि अछुतहरूको लागि आन्दोलन गरे जुन बाग्लुङ्ग जिल्लाको मूलपानी गा.वि.स.बाट सुरु भएको थियो ।

आहुति (२०१०) ले द्वन्द्वात्मक उपागमबाट दलितहरूको अवस्थालाई चिरफार गरेका छन् । दलितको उद्‌भव, छुवाछुत प्रणाली, दलितको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक पक्षहरूसँगको सम्बन्ध प्रस्तुत गरेका छन् । दलित आन्दोलन र यसका विभिन्न धाराहरू, दलित आन्दोलनका सबल र दुर्बल पक्षहरू, दलित मुक्ति आन्दोलनको आजको कार्यभार आदिको निरूपण गरेका छन् ।

मिश्र (२०६७) ले पुँजिवाद र नेपालमा वर्तमान नेपालको राज्यसत्ताको मूल चरित्र सामाजिक लोकतान्त्रिक पुँजीवादी हुनुपर्दछ । यो नै शक्तिशाली राजनीतिक दलहरूको साझा आधार बन्न सक्दछ । निर्वाचित र लोकतान्त्रिक सरकारले पुँजी र श्रमको अन्तर्विरोध न्यूनीकरण गर्दछ । यी दुई बीच दिगो सम्बन्ध स्थापित गर्न सक्दछ । श्रम र श्रमिकलाई उच्च सम्मान गर्दछ । श्रमिक बलिया भए मुलुक र पुँजीपति पनि बलियो हुन्छन् । दलितको सामर्थ्य विस्तारित र विविधिकृत गर्न विभिन्न खाले ढोका खोल्नु वास्तविक लोकतान्त्रिक राज्य सत्ताको पूर्व सर्त हो । सामाजिक पुँजीवादीको निर्माण यी ढोकाहरूविना सम्भव छैन ।

विश्वकर्मा (२०३०) ले दलित जातिको उदारका लागि नेपाल राष्ट्रिय जनविकास परिषद्का दुई विशेषता औंल्याएका छन् । ती हुन् :

१. दलित जातिहरूको बीचमा पनि उच्च र निच जातिको भावनाले प्रश्न छ, जहाँ समानता चाहिएको छ ।

२. ठूला जातका मानिसहरूबाट सदियौंदेखि थिचिएका दलितबाट फाइदा उठाएर बसालेको परम्परालाई तोडी ठूला जातिका मानिसहरूसँग समानता र स्वतन्त्रताको लागि सङ्घर्ष गर्नुपर्ने प्रश्न छ ।

भट्टचन (२००५) ले “शान्तिको खोजी” नामक लेखमा जातीय द्वन्द्वका बारेमा प्रकाश पार्न खोजेको पाइन्छ। उनले दलित र ब्राम्हणका बीचमा भएको जातीय द्वन्द्वका बारेमा केही कुरा प्रष्ट्याएका छन् । दलितहरूलाई सबै सार्वजनिक ठाउँहरूमा जानबाट रोक लगाइन्छ । तिनीहरूलाई अमानवीय रूपले अछुत भनी व्यवहार गरिन्छ। तर उच्च जातिका भनाउँदाले दमन गर्दछन्। यो हाम्रो समाजको विडम्बना र दुर्भाग्य हो, एउटै हिन्दु जातिको व्यक्तिले अर्को उही धर्मको जातिलाई अछुत भनि अपहेलना गरेको छ।

रोका (२०४४) ले छोइछिटो सम्बन्धि व्याख्या गर्दै विभिन्न धर्मको छोटकरीमा परिचय दिँदै अछुत जातिको उत्पत्ति सम्बन्धमा परिचय दिएका छन् ।

अधिकारी (२०५१) का अनुसार मनुले चार वर्णको कार्य विभाजनको उल्लेख गरेको पाइन्छ। जस अनुसार वेद पढ्नु, पढाउनु, दान लिन, यज्ञ गराउनु ब्राम्हणले, क्षेत्रीयले सैन्य, सुरक्षा, वैश्यले वाणिज्य व्यवसाय तथा कृषि कार्य गर्नु र शुद्रले आफूभन्दा माथिका तीनवटै वर्णको सेवा गर्नु भन्ने छ।

विष्टले “सबै जातको फूलबारी (२०३०)” मार्फत नेपालका जाति वा जनजातिहरूको सक्षिप्त परिचय दिएका छन्। यो पुस्तक समाजशास्त्री र मानवशास्त्रकि लागि अध्ययन र अनुसन्धानका हेतुले निकै महत्त्वपूर्ण मानिन्छ।

मानवअधिकार वर्ष (१९९३) ले नेपालमा केही अछुत जातिहरू क्रमशः कामी, दमाई, सार्की, गाइने, वादी, कुमाल, पोडे र च्यामे आदिका बारेमा सङ्क्षिप्त रूपले चिनारी गरेको पाइन्छ। यसमा ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्थाका बारेमा वर्णन र यसका अतिरिक्त उपरोक्त जातिहरूको बसोबास क्षेत्रका बारेमा पनि उल्लेख भएको पाइन्छ।

शर्मा (१९७७) ले वि.सं.१९१० मुलुकी ऐनको विश्लेषणात्मक अध्ययन गर्दै ऐतिहासिक रूपले नेपाली जाति व्यवस्था र जातीय स्तरको स्पष्ट उल्लेख गरेका छन्। यसको अलावा विभिन्न जातिहरूमा देखा परेको सामाजिक गतिशीलताको बारेमा व्याख्या गरेका छन्। जुन प्रमुख रूपले थकाली, नेवार, मगर लगायत अन्य जाति तथा जातिहरूहरूमा हिन्दुकृत रूपमा देखा परेको छ।

## २.२ पूर्व साहित्य ग्रन्थको व्यवहारिक अध्ययन

नेपालमा कामी जातिको बसोबास प्रायः पहाडी भेगमा अत्यधिक रहेका पाइन्छन् । परम्परागत रूपमा यिनीहरू फलामका औजारहरू (कुटो, कोदालो, हँसिया, बन्चरो, खुकुरी आदि) बनाएर नजिकैको गाउँ तथा बजारमा विक्री वितरण गरी केही मात्रामा आयआर्जन गर्दछन् भन्ने उल्लेख गरिने छ। यो जाति पेशेवर जाति मध्ये एक हो । कामीहरूको पुर्ख्यौली पेसा फलामको सामान बनाउनु र बेच्नु हो भन्ने कुरा पनि उल्लेख गरिने छ।

यिनीहरूको भेषभुषाको सन्दर्भमा (सूचना, विभाग २०३१) का अनुसार लोग्ने मानिसहरू भोटो, कछाड, पटुका, टोपी र स्वास्नी मानिसहरू धोती, चोलो, पटुका, धलेक, मजेत्रो लगाउँदछन् । साथै केटाहरू सर्ट, पाइन्ट र केटीहरू कुर्था सुरूवाल, फ्रक लागउने गर्दछन् ।

हाम्रो देशमा समाजले उच्च जातिको श्रेणीमा राखेका ब्राम्हण, क्षेत्री र ठकुरीले बोल्ने भाषालाई कामी जातिले मातृभाषाको रूपमा स्वीकारेको पाइन्छ । यिनीहरूको आफ्नै मातृभाषा चाहिँ छैन । नेपाली समाज हिन्दु धर्ममा आधारित भएकोले कामी जाति पनि हिन्दु नै हुन् र हिन्दु धर्मकै चाडवाड मान्दछन् । यति हुँदाहुँदै पनि कामी जातिलाई अछुत जाति मानिन्छ जसलाई छोएमा छोइछिटो हाल्नु पर्ने प्रथा समाजमा विद्यमान नै रहेको छ ।

Blaki Cameron (1980) ले नेपालको पश्चिमी क्षेत्रलाई समेटेर गरेको अध्ययन "Nepal in Crisis" मा कामी जातिलाई अछुत जातिको रूपमा उल्लेख गरिने छ। कामी जाति परम्परागत विष्ट प्रथामा भर पर्ने जातिको रूपमा उल्लेख छ । उनीहरूका अनुसार सेवा प्रदान गरे बापत शिल्पी, कालीगड (कामी, दमाई, सार्की) ले वार्षिक रूपमा विष्टहरूबाट आय (नगद/अन्न) प्राप्त गर्दछन् । जसको आधारमा कामीहरू जीवन गुजारा गर्दछन् । कामी जाति बारे प्रकाशन पार्दै उनीहरूले भनेका छन् - कामी जाति ४ कारणले पीडित छन् :

१. कृषि कार्यमा प्रयोग गर्ने हतियार हातद्वारा निर्माण गरिनु ।

२.	खेतीपातीमा आवश्यक पर्ने सामानमा अभाव र पुरानै पद्धतिद्वारा कृषि कार्य गरिनु ।

३.	अत्यधुनिक कृषि हतियारसँग उनीहरूले बनाएका हतियारले प्रतिस्पर्धा गर्न नसक्नु ।

४.	खेतीपातीमा चाहिने सामान समयमा नै उपलब्ध गराउन नसकिनु ।

सेडोन (१९८१) ले "ग्रामीण शिल्पी" को रूपमा कामी जातिलाई जातीय पेसाको आधारमा आर्थिक अवस्थाको उल्लेख गरेका छन् । उनका अनुसार प्रायः सबै पेसागत जातिहरू परम्परागत रूपमा प्राप्त थोरै माग अनुसार सरसामान उत्पादन गर्दछन्, जुन पहाडी कृषि अर्थतन्त्रमा आवश्यक छ । त्यसैले अन्य कामभन्दा जातिगत कामको मान्यता भए अनुसार काम गरेर सरल जीवन निर्वाह गर्दछन् । आफ्नो परम्परागत काम सहित अस्थायी रूपमा कृषि, मजदुरी, भरिया तथा निर्माणको कार्य पनि गर्दछन् भनेर उल्लेख गरेका छन् ।

श्रम तथा समाज कल्याण मन्त्रालयको प्रतिवेदन (२०४४) अनुसार कामी अछुत जाति हुन् । यिनीहरू ज्यादै तल छन् । छोइछिटो जस्तो कुसंस्कार अझै जीवित नै छ । यिनीहरूको स्वामित्वमा नाम मात्रको जग्गा भएकोले यिनीहरूको पेट पाल्न पुग्दैन भने परम्परागत पेसालाई अँगाल्दा पनि औद्योगिकीकरणका कारण उनीहरूबाट उत्पादित सामानभन्दा सस्ता र राम्रा सामान बजारमा उपलब्ध भएका कारण यो जाति सङ्कटमा परेको छ । त्यसैले गर्दा दलित वर्गमा  पर्ने कामी जातिलाई जीवन धान्न धौ धौ परिरहको छ ।

थापा (२०३९) ले "पोखरा नगर क्षेत्रका दलित जातिको पृष्ठभूमि" नामक शोधपत्रमा यी जातिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनीतिक पक्षको विस्तृत जानकारी दिएकी छन् ।

यसैगरी कोइराला (२०५५) ले "कालीकोट जिल्ला राँचुली गा.वि.स.का कामी जातिको सामाजिक तथा आर्थिक अध्ययन" नामक शोधपत्रमा कामी जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षबारे विस्तृत जानकारी दएका छन् । उनका अनुसार कामी जाति परम्परागत पेसा फलाम पिट्नुको साथै "विष्ट प्रथा" मा आधारित छन् भनिएको छ ।

श्रेष्ठ (२०५२) ले "धनकुटा जिल्ला अखौले जितपुर गा.वि.स.का कामी जातिको सामाजिक, सांस्कृति र आर्थिक अध्ययन" नामक शोधपत्रमा कामी जातिको परम्परागत पेसा र वर्तमान अवस्थामा पनि छुवाछुत प्रथा कायमै रहेको उल्लेख गरेका छन् । शिक्षाले केही मात्रामा उनीहरूको जीवनस्तरमा फरक आए तापनि समाजमा रहेका उच्च जातिको दबाबमा परेको कुरा उल्लेख गरिएको छ ।

आफ्नो भाषा संस्कृति मूल्य मान्यतालाई अगाडी बढाउने कार्य क्रमशः उत्पीडित जातिहरूको विभिन्न सङ्घसंस्थाहरूले आफ्नो स्थापनासँग अगाडी बढाइरहेका छन् । जस्तै : थारू कल्याण समाज, तामाङ भाषा सांस्कृतिक विकास समिति, दलित जाति संस्थाहरू, जस्तै दलित समाज कल्याण सङ्घ, उत्पीडित जातीय मुक्ति समाज, दलित सेवा सङ्घ, दलित सीप प्रर्वद्धन केन्द्र, दलित महिला सङ्घ आदि ।

कामी जातिका बारेमा विभिन्न पुस्तक, अन्य लेख तथा रचना निकै कम प्रकाशनमा आएका छन् । यो जातिको बारेमा व्यापक र बृहत् अध्ययन त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र तथा मानवशास्त्रको स्नातकोत्तर उपाधिका लागि एउटा गाउँ क्षेत्रका बारेमा मात्र सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन गरेको पाइन्छ । आगामी दिनमा यस जातिको सीमित अध्ययन र क्षेत्रले मात्रले पनि कामी जाति बारे अध्ययन गर्ने विद्वानहरूलाई सहयोग पुऱ्याउने नै छ भन्ने आशा गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान क्षेत्र छनोट गर्नुको औचित्य

नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म केही न केही मात्रामा दलित जातिहरूले बसोबास गर्दै आएका छन् । यस्ता दलित जातिहरू मध्ये कामी जाति पनि प्रमुख मानिएका छन् । यस शोध कार्यमा विशेषतः नेपालको पहाडी क्षेत्रमा अवस्थित डडेल्धुरा जिल्ला अजयमेरुगा.वि.स.को वडा नं ३ मा बसोबास गर्ने कामी जातिको बारेमा अध्ययन गरिएको छ। यस गा.वि.स.मा बसोबास गर्ने कामी जातिको बारेमा गरेको अध्ययनले नेपालमा बसोबास गर्ने कामी जातिको केही जानकारी प्राप्त हुन सक्छ भन्ने कुराको यस शोधपत्रमा उल्लेख गरिने छ । यस शोधपत्रमा शोधकर्ताले आफ्नो अध्ययन क्षेत्र अजयमेरु गा.वि.स. रोज्नुका प्रमुख कारणहरू निम्न लिखित रहेका छन् ।

१. यस गा.वि.स.मा बस्ने कामी जाति बारे हालसम्म कुनै अध्ययन नगरिएकोले

२ शोधकर्ता स्वयं यस गा.वि.स.मा जन्मी स्थायी रूपमा बसोबास गर्ने भएकोले ।

२. कामी जातिसँग शोधकर्ताले राम्रोसँग घुलमिल गरेकाले ।

३. कामी जातिको बारेमा शोधकर्तालाई अध्ययन गर्ने चाहना भएकोले

यस अजयमेरु गा.वि.स.मा बसोबास गर्ने प्रायः जसो कामी जाति एकै ठाउँमा केन्द्रित भएर बसोबास गरेका छन् । यसर्थ अजयमेरु गा.वि.स.वडा नं.३ लाई शोध कर्ताले उपयुक्त ठाउँ ठहराएको छ । शोधकर्ता वडा नं. ३ कै स्थायी बासिन्दा भएकोले यस जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षबारे राम्रोसँग पहिचान लिन सफलता मिल्छ भन्ने आशा गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस शोध अध्ययनका लागि वर्णनात्मक साथै अन्वेषणात्मक विधि प्रयोग गरिएको छ । यस शोध अनुसन्धानको उद्देश्य डडेल्धुरा जिल्लाको अजयमेरु गा.वि.स.मा बसोबास गर्दै आएका कामी जातिका विविध समस्याहरूको अवगत गराउने हुँदा, यो शोध संरचना अन्वेषणात्माक

रहेको छ । साथै यो शोधमा कामीहरूको रीतिस्थिति, शिक्षा, स्वास्थ्य, भाषा, धर्म, रहनसहन आदिको बारेमा अध्ययन सहित वर्णन गरिने हुँदा वर्णनात्मक रहेको छ ।

यो शोध अध्ययनमा अजयमेरु गा.वि.स.का कामी जातिको विगत र वर्तमान अवस्थाको बारेमा अध्ययन गरिने हुनाले यसको महत्त्व अझ बढ्ेको छ । यसमा स्थलगत निरीक्षण गरी कामी जातिको सामाजिक, एवं आर्थिक पक्षको साथै सास्कृतिक, शैक्षिक, ऐतिहासिक पृष्ठभूमि र संस्कारबारे विस्तृत वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत एवं प्रकृति

यस शोधकार्य पूरा गर्नका लागि आवश्यक तथ्याङ्क, प्राथमिक दुवै प्रकारको प्रयोग गरिएको छ ।

### (क) प्राथमिक स्रोत

यस अध्ययनमा आवश्यक तथ्याङ्क प्राप्त गर्न प्राथमिक स्रोतलाई प्रमुख मानिएको छ । विशेष गरेर प्राथमिक स्रोत अन्तर्गत सहभागी अवलोकन, प्रश्नावली र मुख्य जानकारी दाताहरूलाई प्रमुख प्राथमिकता दिइएको छ । सहभागी अवलोकन, प्रश्नावली र मुख्य जानकारी दाताहरूलाई प्रमुख स्रोत मानि कामी जातिको सामाजिक एवं आर्थिक जीवनबारे अध्ययन गरी सत्य तथ्य कुराहरूको बारेमा प्रकाश पारिएको छ ।

### (ख) द्वितीय स्रोत

द्वितीय स्रोतबाट लिएको तथ्याङ्कमा कामी जातिको सांस्कृतिक, आर्थिक एवं सामाजिक अवस्था सम्बन्धी पुस्तक, पत्रपत्रिका, विशेषज्ञद्वारा प्रकाशित लेख, रचना आदि समेतको सहयोग लिइएको छ । यो शोधपत्र तयार पार्दा तथ्याङ्क सङ्कलनको स्रोतका लागि प्रयोग गरिएका पुस्तक, पत्रपत्रिका एवं लेख रचना आदिको उल्लेख सन्दर्भ ग्रन्थ सूचीमा समावेश गरिएको छ ।

## ३.४ नमुना छनोट र क्षेत्र

यस अजयमेरु गा.वि.स. विविध जातिले बसोबास गरेको क्षेत्र हो । ती सबै जातिहरू मध्ये कामी एक प्रमुख जाति हो । तर अन्य जातिको तुलनामा यिनीहरू गरिब अशिक्षित छन् ।

त्यसैले यिनीहरूको अध्ययन गर्न अनुसन्धानकर्ताले अजयमेरु गा.वि.स.को तथ्याङ्क (२०६८) अनुसार वडा नं. ३ मा बसोबास गर्दै आएका कामी जाति मध्येबाट उद्देश्यमूलक नमुना छनोटको आधारमा ४० घर धुरीका घरमुली मार्फत आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन पद्धति

प्रस्तुत अध्ययन क्रममा लामो समयसम्म सम्बन्धित अध्ययन क्षेत्रमा घुलमिल भई त्यहाँका बासिन्दाहरूसँग आत्मीयता र विश्वासपूर्ण सम्बन्ध कायम गरी अध्ययन अगाडी बढाइएको थियो । यसका निम्ति निम्न लिखित विधि प्रयोग गरिएको छ ।

### (क) अन्तर्वार्ता अनुसूची (प्रश्नावली)

यस विधिद्वारा कामी जातिको जनसङ्ख्या, स्वास्थ्य, शिक्षा, सामाजिक तथा धार्मिक अवस्थाको तथ्याङ्क प्राप्त गरिने छ। साथै शोध कार्यमा सोधिने प्रश्नहरू अधिकारितामा बढी भरपर्दो छन् । शोधपत्रमा प्रयोग गरिएको प्रश्नावली परिशिष्टमा समावेश गरिएको छ ।

### (ख) मुख्य जानकारी दाताहरू

यस विधिद्वारा अजयमेरु गा.वि.स.मा बसोबास गर्दै आएका अन्य व्यक्तिहरूसँग सोधपुछ गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्वसनियता एवं प्रमाणिकता

यस शोधकार्यमा शोधकर्ता त्यहाँको स्थानीय बासिन्दा भएको कारणले र आवश्यक तथ्याङ्कलाई प्राथमिक स्रोतबाट नै सङ्कलन गरिने भएकोले बढी विश्वसनियता एवं प्रमाणिकता मानिएको छ । अनुसन्धानकर्ता लामो समयसम्म यस समुदाय सँग राम्रोसँग घुलमिल भई बसेको, आत्मीयता र विश्वसनियताका साथ दोहोऱ्यार्य, दोहोऱ्याई प्रश्न गरिएको र त्यस समुदायसँग परिचित समूहसँग सोधपुछ गरिएको साथै आँकडाहरूको पुनः परीक्षण समेत गरिएकाले बढी विश्वसनियकता र प्रमाणिकता मानिएको हो ।

## ३.७ तथ्याङ्कको विश्लेषण

यस अध्ययनको लागि सङ्कलन गरिने आवश्यक तथ्य तथ्याङ्कको विश्लेषण तालिकीकरणको प्रयोग गरिएको छ । कामी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको वास्तविक चित्रण तालिकीकरणको आधारमा प्रतिशत सहित निकालिएको छ । तथ्याङ्कहरूको विश्लेषण र प्रस्तुतीकरण गर्दा मुख्यतयाः अन्वेषणात्मक र वर्णनात्मक विधिद्वारा यस शोधकार्यमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ । अध्ययन प्रतिवेदनलाई व्याख्या गर्ने क्रममा सामाग्री स्रोतहरू आदिलाई शोध पत्रमा नै समावेश गरिएको छ ।

## ३.९ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमा निर्धारण गर्नु नितान्त आवश्यक छ । सीमा निर्धारण गर्नुको प्रमुख कारण सबै पक्षको एकै पटक अध्ययन गर्न नसक्नुको साथै समय र अर्थको अभाव हो । अझ जातिगत अध्ययनमा सबै पक्षको अध्ययन गर्न सकिँदैन । यस अध्ययन क्षेत्रभित्र नेपाल अधिराज्यभित्र रहेका कामी जातिका सामूहिक प्रतिनिधित्व उतार्न नसके तापनि यसमा डडेल्धुरा जिल्ला अजयमेरुगा.वि.स.वडा नं.६ मा बसोबास गर्दै आएका कामी जातिको जीवन स्तरलाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । यस जातिका बारेमा किताब, लेख तथा रचनाको कमीका कारणले शोधकर्ता आफैँले सङ्कलन गरेका तथ्याङ्कमा भर पर्नु पर्ने छ । यो अध्ययन केवल अजयमेरु गा.वि.स.वडा नं. ३ का कामी जातिहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको मात्र सीमाङ्कन गरिएको छ । भएको हुँदा नेपालका कामी जातिमा यो अध्ययन सामान्यीकरण नहुन पनि सक्छ ।

# अध्याय- चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१. अध्ययन क्षेत्रको छोटो परिचय

डडेल्धुरा जिल्ला नेपालको सुदूर पश्चिम विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा पर्दछ । यो जिल्ला ८०° मि. देखि ८०°४६ मि. पूर्वी देशान्तर २९° ३९ मि. देखि २९° २५ मि. उत्तरी अक्षांशसम्म फैलिएको छ । यो जिल्ला समुद्री सतहदेखि ४५९ मि. देखि २४३९ मि. सम्मको उचाइमा अवस्थित छ । यो जिल्लाको जम्मा क्षेत्रफल १५३८ व. कि. मि. रहेको छ । यस जिल्लाको दक्षिणी भागमा उष्ण र मध्ये भेगमा समसितोष्ण  गरी दुइ किसिमको हावापानी पाइन्छ । यस जिल्लामा न्यूनतम २.२ सेल्सियसदेखि अधिकतम ३२.२ सेल्सियस तापक्रम पाइन्छ  भने यहाँको औषत वर्षा २०० देखि ३०० मिलिलिटर सम्म हुन्छ । जिल्लाको ७० प्रतिशत भू-भाग जङ्गलले ढाकेको छ जहाँ विभिन्न प्रकारका वन्यजन्तुहरू पाइन्छन् । महाकाली नदी, सूर्नायागाड, रडुवा खोला, रुपालीगाड, शीर्षगाड र रङ्गुन खोला यो जिल्लाका मुख्य जलसम्पदा हुन् भने आलिताल यो जिल्लाका सबैभन्दा ठुलो ताल हो ।

### ४.१.१  अजयमेरु गा.वि.स.को परिचय

डडेल्धुरा जिल्लाका वीस गाविसहरूमध्ये अजयमेरु पनि एक हो । यस गाविसको पूर्वमा अमरगढी नगरपालिका र समैजी गाविस, पश्चिममा वैतडी जिल्ला, दक्षिणमा भद्रपुर गाविस र उत्तरमा समैजी गाविसका केही भागहरू पर्दछन् । ८९७ घरधुरी रहेको यस गाविसमा ३१ बस्ती रहेको र २५७७ महिला र २९५७ पुरुष गरी जम्मा ५२३४ जना जनसंख्या रहेको छ । यस गाविसको क्षेत्रफल ३५.२५ वर्ग कि.मी. रहेको छ (जिल्ला पाश्र्वचित्र डडेल्धुरा, २०५८) । यस गाविसको नाम ऐतिहासिक ठाउँ अजयमेरु कोटबाट रहेको छ । अध्ययन क्षेत्रमा बसोबासका हिसावले ब्राह्मण, क्षेत्री, दलितहरूमा कामी, सार्की, दमाई, चुनारा, भुल, सुनार र कुमाल जातजातिका मानिसहरूको बाहुल्यता रहेको पाइन्छ । त्यसैगरी भाषाका हिसावले हेर्दा धेरै जस्तो मानिसहरू डोटेली भाषा बोल्दछन् भने धार्मिक हिसावले हिन्दु धर्मावलम्बीहरूको नै वाहुल्यता रहेको छ । यहाँ मनाइने चाडपर्व तथा विभिन्न संस्कारहरूमा पनि एक रूपता रहेको पाइन्छ । परम्परागत मूल्य मान्यतामा आधारित विभिन्न

संस्कारहरूलाई आफ्नै तरिकाले सु-सम्पन्न गर्ने चलन छ । पेशाका हिसावले धेरैजसो कृषि पेशामा आधारित भए पनि व्यापार व्यवसाय, सरकारी नोकरी, वैदेशिक रोजगार र विभिन्न संघसंस्थामा समेत काम गर्दछन् । शिक्षालाई हेर्दा अधिक व्यक्ति साक्षर भए पनि महिला र दलितहरूको स्थिति नाजुक नै रहेको पाइन्छ ।

### ४.१.२ अजयमेरु क्षेत्रको जनजीवन

भौगोलिक विविधता भएको यस अध्ययन क्षेत्रमा प्राकृतिक सौन्दरीयताको भरिपूर्ण जङ्गलहरू नदी, खोला, पर्वतहरू रहेका छन् । रीतिरिवाज, मुल्य मान्यता र विश्वासलाई हेर्दा यहाँका मानिसहरूमा धामी, झाँक्री, पिचास र पिचासनी प्रथाको निकै प्रभाव परेको देखिन्छ । कसैलाई दुःख पिर पर्दा बिरामी हुँदा, कृषिकार्य तथा पशुपालनमा समस्या आउँदा, खरेडी पर्दा, विभिन्न धार्मिक सामाजिक कार्य गर्दा धामी तथा झाँक्री प्रतिको पूर्ण विश्वासका साथ उनीहरू मार्फत समस्या समाधान गर्ने प्रयास गर्ने चलन अझसम्म पनि यथावत छ । यस्ता कुराहरूमा यतिसम्म पनि देख्न सकिन्छ की कसैको विवाह गर्दा विवाहमा समस्या आइ केटी जुर अजुर तथा विवाह लगनको दिन साईत नभएमा देवी र देवता सोध्ने भनेर धामी झाँक्रीहरूलाई सोधी उनीहरूले भने अनुसार कार्य गर्ने चलन अझै कायम रहेको छ । जातीय परम्परा अनुसार नै विभिन्न संस्कारहरू जस्तो विवाह, व्रतबन्ध, न्वारन, श्राद्ध तथा मृत्युपछिको काजक्रिया गर्ने चलन छ । सुत्केरी तथा मासिक श्राव भएकी महिला तथा काजक्रिया गर्ने व्यक्तिहरूलाई कम्तीमा ८/१० दिनसम्म अलग्गै गोठमा राख्ने चलन छ । केटाहरूको १० देखि २० वर्षको उमेरमा व्रतबन्ध गर्ने गरिन्छ । मृतक लासलाई प्रायंजसो मसान घाटमा लगेर जलाउने गरिन्छ । विवाह परम्परा अनुसार सम्पन्न गरिन्छ जसमा केटीहरू रजश्वला हुनुभन्दा अगाडि विवाह गर्न सके पुन्य कमाईन्छ भने मान्यता अनुसार रजश्वला भन्दा अगाडि विवाह गर्ने चलन भए पनि १८ वर्षदेखि २० वर्षकी केटी र २० देखि २४ वर्ष उमेरको केटा बीच विवाह गरिन्छ ।

आफ्नो अलगै पहिचान र परम्परा भएका यस समुदायका मानिसको सामाजिक, आर्थिक र राजनैतिक अवस्था अन्य ठाउँका व्यक्तिको तुलनामा कम भए पनि यिनीहरू संस्कार परम्परा लोक संस्कृती भाषा आदिमा भने धनि रहेको पाइन्छ । यस समुदायमा प्रायजसो व्यक्तिहरूलाई सामाजिक मान सम्मान गर्ने, धार्मिक विश्वास राख्ने, देवीदेवतामा विश्वास

गरी पूजाआजा गर्ने आफ्नो मूल्य परम्परा र संस्कारको जर्गेना गर्ने परम्परा कायम रहेको पाइन्छ । यसरी आफ्नो संस्कार अनुरुप गर्ने भएकाले यिनीहरुको जनजीवन प्राय : पुरानै धारणा र शैलीमा हुर्किदै आएको देखिन्छ ।

### ४.१.३ रहनसहन तथा खानपिन

यहाँ बस्ने महिलाहरुको  रहनसहनमा क्रमश : पविर्तन हुँदै आएको छ । दैनिक चल्ने जीवन प्रक्रियालाई सरल र सुगम बनाउनु अनि व्यवहारिक बनाउन यिनीहरुले आफ्नै प्रकारको चलन र रहनसहन प्रक्रिया अंगाल्दै आएका छन् । आर्थिक, भौगोलिक र साँस्कृतिक विविधताले रहनसहनमा भिन्नता ल्याएको पाइन्छ ।

यहाँ बसोवास गर्ने क्षेत्री जातिको मुख्य भाषा डोटेली हो । यिनीहरु हिन्दु धर्म मान्दछन् । उनीहरु आफ्नो कुल देवतालाई रक्षकको रुपमा मान्दछन्  भने महादेव, पार्वती , विष्णु, लक्ष्मी, दुर्गा भवानी, कालिका, सरस्वती आदिको पनि पुजा गर्दछन् । खास गरी उनीहरु दैवी शक्ति र प्राकृतिक धर्ममा विश्वास गर्दछन् । कुल पूजामा सगोत्र बाहेक अरुलाई समावेश गराउदैनन् ।

### ४.१.३ बस्त्र तथा आभूषण

यस अजयमेरु गा .वि.स. मा बसोबास गर्ने क्षेत्री पुरुषहरुले दौरा सुरुवाल, कमिज, पाइन्ट, कोट, टोपी आदि लगाउने गरेको पाइयो । ५०-६० वर्ष कटेका बृद्धाहरुको टाउकोमा मात्र ढाँका टोपी देखियो भने केही युवाहरुको शिरमा पाली टोपी देखियो । युवाहरुको पोसाकमा टिसर्ट र पाइन्ट बढि  देखियो भने वृद्ध महिलाहरुले गुन्यु , चोली, सारी, लुङ्गी र पटुका लगाएको देखियो भने  युवतीहरुले कुर्ता सुरुवाल लगाउन थालेको पाइयो ।

### ४.१.४ चाडपर्वहरु

अजयमेरु गा. वि. स. मा  हिन्दुधर्मावलम्बी नै भएकाले यिनीहरुले दशैं, तिहार, गौरा, शिवरात्री, जनैपुर्णिमा, जन्माष्ठमी, नागपञ्चमी, माघेसंक्रान्ति, सरस्वती पूजा जस्ता चाडपर्वहरु आ आफ्नो गच्छे अनुसार मनाउने गर्दछन् । यहाँको स्थानिय पर्व को रुपमा गौरा पर्व लाई पनि मानिन्छ ।

# अध्याय : पाँच

## तथ्याङ्क प्रस्तुति र विश्लेषण

कुनै पनि जातको वास्तविकता थाहा पाउनको निम्ति तिनीहरूको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था बारे जानकारी लिन आवश्यक पर्दछ । यही कुरालाई मध्यनजर गरी यस अध्ययनमा खासगरी कामी जातिको सामाजिक एवं सांस्कृतिक पक्षबारे प्रकाशन पार्ने जर्मेको गरिएको छ ।

### ५.१ कामी जातिको सामाजिक र सांस्कृतिक अवस्था

सामाजिक अवस्थाभित्र उनीहरूको शैक्षिक स्थिति, आर्थिक स्थित, वैवाहिक स्थिति, चाडपर्व र जीवनचक्र आदि कुरामा प्रकाशन पार्ने जर्मेको गरिएको छ । त्यसैगरी कामी जातिको समाजमा उनीहरूको सामाजिक स्थिति एवं रीतिरिवाज, चालचलन आदि प्रष्ट्याउने काम गरेको छ भने सामाजिक र सांस्कृतिक दुवै पक्ष साथै समेटेर यहाँ वर्णन गरिएको छ ।

### ५.१.१ कामी जातिको परिचय

विश्वको सानो मुलुक नेपाल दुई विशाल राष्ट्र चीन र भारतको बीचमा रहेको छ । यहाँ आफ्नै सामाजिक, सांस्कृतिक, धार्मिक पृष्ठभूमि भएका विभिन्न जात जातिहरू बसोबास गर्दछन् । यी विभिन्न जाति मध्येको नेपालको पहाडी भू-भागमा बसाबोस गर्दै आएको कामी जाति पनि एक हो । कामी जाति सोझा एवं लजालु प्रवृत्तिका हुन्छन् । यस जातिले जहिले पनि आफ्नो भाग्य र कर्ममा नै विश्वास राख्दछन् । यसको साथै समाजमा चलेको मूल्य, मान्यता र परम्परालाई सजिलैसँग स्वीकार गर्दछन् ।

कामी जाति परम्परादेखि नेपालीको नाम चम्काउने हतियार खुकुरी बनाउने कामबाट नै प्रख्यात भएका हुन् । आफ्नो परिश्रमद्वारा ठूला जाति बाहुन, क्षेत्री र ठकुरीको सेवा गरी फलामद्वारा निर्मित हात हतियार, कुटो कोदालो, फाली, हँसिया, बन्चरो आदि निर्माण गरी विष्ट प्रथा द्वारा यिनीहरूले आफ्नो जीवन गुजारा चलाई राखेका छन् । कृषि, मजदुरी र मिस्त्री काममा समेत लागेका छन् । कामी जातिकै एकथरी सुन गहना बनाउने काममा पनि

लागेका देखिन्छन् र सो पेसा हाल बजारमा आधुनिक मेशिनद्वारा निर्मित गहना आउन थालेपछि कम हुँदै गएको छ ।

कामी जाति सम्पन्न भए भने ठूला जातिलाई सताउँछन् भन्ने गलत परम्परा समाजमा बसेकोले प्राचीन समयदेखि नै यिनीहरूलाई ठूला जातिले शोषण गर्दै आएको कुरा उल्लेख छ । यिनीहरू आर्थिक अवस्था कमजोर र आफूभन्दा माथिल्ला जातिको सेवा गर्नुपर्ने कारणले आफ्ना छोराछोरीहरू पढ्न नपाएको कुरा कतिपय कामी जातिको अभिभावकहरूको गुनासो रहेको छ । यस जातिमा पनि पित्तृसत्तात्मक परम्परा नै हुने भएकोले बाबुको शेषपछि आफ्नो सम्पत्ति छोराको नाममा हस्तान्तरण स्वतः हुन जान्छ । साथै समाजमा यो जाति बृहत् र संयुक्त परिवारमा रहेको भए तापनि आधुनिक युगमा आएर यिनीहरू एकल अथवा एकात्मक परिवारको रूपमा बसेको पाइन्छ । यसो हुनाको प्रमुख कारण ठूला जातिको देखासिकी नै हो । यसको साथै यो जातिले बाहुन र क्षेत्रीको सहयोगबाट आफ्नो गुजारा चलाएका छन् किनभने प्रायः आर्थिक सङ्कटको बेलामा रकम यी नै जातिहरूले दिने गर्दछन् ।

कामी जातिलाई परम्परागत जातीय आधारमा खास बाहुन क्षेत्रीले पूजा गर्ने मन्दिर र देवस्थल भित्र पस्न बन्देज लगाएका छन् । किनभने यी जातिले चढाएको धुप, दीप र नैवेद्य बाहुनलाई नचल्ने भएकोले यसो भएको हुनुपर्दछ । जबसम्म समाजमा जरो गाडेको उच र निचको भावना समाजबाट अन्त्य हुँदैन तबसम्म यस जातिले आफ्नो नैसर्गिक अधिकार प्राप्त गर्न सक्दैन । यही छुवाछुतको भावना अन्तर्गत रहेर कामीभन्दा तल्लो मानिने जातिहरूमा दमाई, सार्की र गाइनेहरू पर्दछन् । यस जातिले सार्की दमाईलाई आफ्नो घरभित्र पस्न दिँदैनन् भने यिनले छोएको खाना पनि खाँदैनन् । दमाईले छोएको खाना सार्कीले नखाने र सार्कीले छोएको कामी छोएको कामीले नखाने परम्परागत संस्कार अझै विद्यमान रहेको छ । समाजमा यस्ता जातीय भेदभाव मानव शोषणका माध्यम हुन् । नेपालको मुलुकी ऐन र मानव अधिकारमा स्पष्ट व्याख्या भए तापनि यस्तो छुवाछुतको कु-प्रथा मानव अधिकार उल्लंघन प्रत्यक्ष उदाहरणको रूपमा लिनु पर्दछ र आम वुद्धिजीवि वर्गले छुवाछुत प्रथालाई अन्त्य गर्न समयमा नै चनाखो र सजग हुनुपर्दछ ।

### ५.१.२ कामी जातिको उमेरगत जनसङ्ख्याको स्थिति

अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने कुल जनसङ्ख्या मध्ये कामी जातिहरूको जनसङ्ख्या २१२ जना रहेको छ । त्यसैगरी घर सङ्ख्या ४० रहेको छ । जसको विवरण लिङ्गका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**अध्ययन कामी जातिको जनसङ्ख्याको बनोट (लिङ्गका आधारमा)**

| घर सङ्ख्या | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| ४० | १०४ | १०८ | २१२ |
| प्रतिशत | ४९.०६ | ५०.९४ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२ ।

यस तालिकामा कामी जातिहरूको घर सङ्ख्या ४० देखाइएको छ । जसमा पुरूषको सङ्ख्या १०४ र महिलाको सङ्ख्या १०८ रहेका छ । जस अनुसार तालिकाबाट के स्पष्ट हुन्छ भने पुरूषको तुलनमा महिलाको सङ्ख्या बढी देखाइएको छ । त्यसैले महिला पुरूषको लैङ्गिक अनुपात ९७.२९% देखिएको पाइन्छ ।

यसैगरी उमेरगत आधारमा पनि कामी जातिहरूको जनसङ्ख्याको विस्तृत विवरणलाई पनि तालिकाको रूपमा प्रस्तुत गरिएको छ । जुन विवरण तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं. ६**

**उमेरगत आधारमा कामी जातिको जनसङ्ख्या स्थिति**

| क्र.सं. | उमेर समूह | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ०–१४ | १४ | २६ | ४० | १८.८६ |
| २. | १५–५९ | ८७ | ७५ | १६२ | ७६.४१ |
| ३. | ६०-माथि | ७ | ३ | १० | ४.७१ |
| जम्मा | | १०८ | १०४ | २१२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने कामी जातिको उमेर समूहमा सबैभन्दा बढी सङ्ख्या १५-५९ वर्षको उमेर समूहमा भएको पाइयो । जसमा पुरूषको सङ्ख्या ७५ र महिलाको सङ्ख्या ८७ देखियो । त्यसैगरी सबैभन्दा कम सङ्ख्या ६० वर्ष भन्दा माथीका पाइयो ।

### ५.१.३ कामी जातिको शैक्षिक स्थिति

मानिसको जीवनमा शिक्षा एक अपरिहार्य चिज । जसको आधारमा मानिसलाई जीवनका हरेक मोडमा अगाडी बढ्न प्रेरित गर्दछ । शिक्षाविना मानिसको जीवन सफल हुन सक्दैन । त्यसैले जीवनमा हरेक परिस्थितिसँग जुध्नको लागि शिक्षाको आवश्यक पर्दछ । शिक्षाले नै मानिसलाई हरेक समस्याबाट अघि बढ्न सहयोग गर्दछ । शिक्षित जनसङ्ख्या भन्नाले दक्ष जनशक्तिलाई जनाउँदछ । यस अजयमेरुगा.वि.स.वडा नं.६ मा बसोबास गर्ने कामी जातिहरूमा शिक्षाको स्थिति त्यति राम्रो देखिँदैन । यिनीहरूमा प्रायः जसोले सानो कक्षामा नै पढाइ छोड्नु पर्ने अवस्था देखिएको छ । कामी जातिहरूको पेसा फलाम पिट्नु भए तापनि अधिकांशले कृषि पेसा अपनाएका छन् । जसको कारण धेरै जसो केटा केटी घरमा पशु चराउने र बाबु आमाको काममा सहयोग गर्ने गर्दछन् । उत्तरदाताको आधारमा अजयमेरुगा.वि.स.वडा नं.३ का कामी जातिको शैक्षिक स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**अध्ययन कामी जातिको शैक्षिक स्थिति**

| शैक्षिक अवस्था | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | १९ | १७ | ३६ | १८ |
| साक्षर | ४ | २ | ६ | ३ |
| प्राथमिक | ३८ | ३२ | ७० | ३५ |
| माध्यमिक | ३५ | ३६ | ७१ | ३५.५ |
| एस.एल.सी. | ३ | ८ | ११ | ५.५ |
| +२ माथि | २ | ४ | ६ | ३ |
| जम्मा | १०१ | ९९ | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

यस तालिकामा अध्ययन क्षेत्रका कामी जातिहरूमा सबैभन्दा बढी सङ्ख्या ७१ जनामा माध्यमिक तहको शैक्षिक स्थिति देखिएको छ । जसमा महिलाको तुलनामा पुरूष थोरै मात्रामा बढी देखिएको पाइन्छ । त्यसै गरेर प्राथमिक तहको शैक्षिक स्थितिमा ७० जना मध्ये महिला ३८ जना र पुरूष ३२ जना देखाइएको छ । यस्तो अवस्थामा पुरूषको तुलनामा महिलाको सङ्ख्या बढी छन् । यसै गरी निरक्षर सङ्ख्या ३६ जना रहेकोमा महिला १९ जना र पुरूष १७ जना देखाइएको छ । साक्षर स्थितिमा जम्मा सङ्ख्या ६ जना मध्ये महिला ४ र पुरूष २ जना देखिन्छ । साथै एस.एल.सी.अन्तर्गत महिला ३ जना र पुरूष ८ जना गरी ११ जना रहेका छन् । सबैभन्दा कम सङ्ख्या १२ कक्षा माथिको रहेको छ । यस तालिकामा ५ वर्ष सम्मका बालबालिकाको शैक्षिक स्थिति देखाइएको छैन ।

### ५.१.४ कामी जातिको परिवार संरचना

आधुनिकता सँगसँगै समाजमा विभिन्न परिवर्तनहरू आएका छन् । परम्परागत समाजमा पारिवारिक संरचना संयुक्त र बृहत् अवस्थाको थियो भने अहिले आएर आधनिकता सँगसँगै पारिवारिक संरचनामा पनि परिवर्तन आएको छ । समाजमा धेरै जसो परिवार एकल परिवार भएको पाइन्छ । कता कती रूपमा मात्र संयुक्त परिवार देख्न सकिन्छ । अझ स्पष्ट रूपमा भन्नु पर्दा बृहत् परिवारको संरचना त समाजबाट लोप हुँदै गएको पाइन्छ । कामी जातिहरूको पारिवारिक संरचनाको अध्ययन गर्नुपर्दा सबैभन्दा बढी एकल परिवार नै रहेको पाइन्छ । कामी जातिहरूको पारिवारिक संरचना तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ८**

**अध्ययन कामी जातिको पारिवारिक संरचना**

| परिवारको प्रकार | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २८ | ७० |
| संयुक्त परिवार | १२ | ३० |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

यस तालिकामा देखाए अनुसार कामी जातिहरू पनि एकल परिवारमा बसोबास गर्न थालेका देखिन्छन् । जस अनुसार एकात्मक परिवार सङ्ख्या २८ अर्थात् ७० प्रतिशत र संयुक्त

परिवार सङ्ख्या १२ अर्थात् ३० प्रतिशत रहेको कुरा प्रष्ट देख्न सकिन्छ । बृहत् परिवार भने यहाँ पाइएको छैन । कामी जातिमा यस्तो प्रभाव अन्य जातिको प्रभावका साथै आधुनिकताको प्रभाव पनि परेको देखिन्छ ।

### ५.१.५ कामी जातिको जनजीवन

हरेक समाजमा परम्परादेखि चली आएका विश्वास एवं धारणा विद्यमान रहेका हुन्छन् । यसै मान्यतामा आधारित हाम्रो समाज छ । यस्ता कुराबाट कामी जाति पनि पृथक रहन सकेको छैन । यो जातिका पनि छुट्टै खालका कुनै मान्यता भए तापनि खास गरी हिन्दु धर्ममा आधारित मूल्य र मान्यताहरू रहेका पाइयो ।

यस अजयमेरु गा.वि.स.वडा नं.३ मा बसोबास गर्ने कामी जाति आफ्नो परम्परा अनुसारको सामाजिक रहन सहन खानपिन र भेषभुषा अपनाउँदै आएको पाइयो । नेपालको मुलुकी ऐन र संविधानले जातीय छुवाछुतको भावना अन्त्य गरे तापनि यहाँ अझै जातीय छुवाछुत र रूढीवादी परम्परा नै रहेको छ । अझै पनि कामीहरु विरामी पर्दा औषधी उपचार नगरीकन धामी झाँक्री लगाउनेमा विश्वास गर्दछन् भने, केहीले मात्र विरामी भएमा हेल्थपोष्ट तथा क्लिनिकबाट सल्लाह लिने गर्दछन् ।

### ५.१.६ कामी जातिको भाषा र धर्म

यस अध्ययन स्थलका कामी जातिहरूको पनि कुनै छुट्टै भाषा नभएको हुनाले यिनीहरू पनि नेपाली भाषा नै प्रयोग गर्ने गर्दछन् । जसरी यिनीहरूले अरु जाति सरह नेपाली भाषाको प्रयोग गर्दछन् त्यसरी नै परम्परादेखि चलि आएको धर्म हिन्दु धर्म नै मान्ने गरेको पाइन्छ । यिनीहरूको आफ्नो छुट्टै भाषा नभए जस्तै धर्म पनि छुट्टै नरहेको पाइयो ।

### ५.१.७ कामी जातिकधो रहनसहन

यहाँका कामी जातिहरूको सामान्य किसिमको रहनसहन रहेको छ । रहनसहन अन्तर्गत भेषभुषा, खानपिन र बसोबास पर्दछन् । कामी जातिको रहनसहन छुट्टै प्रकारको भए तापनि ब्राम्हण, क्षेत्री जातिसँग मिल्दो जुल्दो छ । परम्परागत रहनसहनमा आधुनिकीकरणको प्रभाव परेको पाइन्छ ।

### ५.१.७.१ भेषभुषा

भेषभुषाले ठाउँ र मौसम अनुसार नै प्रभाव पारेको हुन्छ । जस्तो हिमालमा ऊनी बाक्लो, पहाडमा सुती बाक्लो र तराईमा रेशम पातलो आफ्नै प्रकारका कपडा लगाइन्छ । यहाँका कामी जाति प्रायः जसो कृषि, मजदुरी र फलाम पिट्न व्यस्त रहन्छन् । त्यसैले यिनीहरूले प्रायः पुराना कपडा लगाउँदछन् । तर यिनीहरूको प्रमुख पोशाक दौरा, सुरूवाल, भोटो, कछाड, सर्ट र पाइन्ट हो र महिलाहरूले चोलो, फरिया र मजेत्रो हो । चाडपर्व र मेलापातमा राम्रो र सफा मिलेको कपडाहरू लगाउने गर्दछन् । आइमाईले सुन र चाँदीका गहना, तिलहरी औंठी, सिक्री, मुद्रा लगाउने गर्दछन् । आधुनिक युवायुवतीहरू महँगो-महँगो कपडा, आधुनिक फेशन अनुसारको लगाउने गर्दछन् । यसबाट के प्रष्ट हुन जान्छ भने कामी जाति पनि विस्तारै आधुनिकता तर्फ धकेलिँदै छन् ।

### ५.१.७.२ खानपिन

यस अजयमेरु गा.वि.स.वडा नं. ३ मा बसोबास गर्ने कामी जातिहरूको आफ्नो कुनै फरक खाना छैन । यिनीहरू दाल-भात, तरकारी, रोटी, ढिंढो खाने गर्दछन् । आर्थिक तथा व्यवहारिक कठिनाइको कारण यिनीहरू सधैं मीठो मसिनो खाने गर्दैनन् । आर्थिक अवस्थाले भ्याएसम्म सबै खानेकुरा मिलाएर नै खाने गर्दछन् । यिनीहरूले चाडपर्वमा कुखुरा, राँगो तथा भैंसीको मासु खाने गर्दछन् । यसैगरी कामी जातिले चाडपर्व लगायत अन्य समयमा जाँड,ि रक्सी प्रशस्त पिउने गर्दछन् । हाल यहाँका कामी जातिले गाई, भैंसी पाल्ने भएकोले दूध, दही, मोही, घ्यू पनि खाने गरेको पाइन्छ ।

### ५.१.७.३ थर

कामी जातिका विभिन्न थर र गोत्र हुन्छन् । यसरी विभिन्न थर र गोत्रमा बाँधिएका कामी जातिमा विश्वकर्मा, चुनारा, सुनार, चुनारा र रोक्का आदि थरहरू लेख्ने प्रचलन छ । यस वडाका सबैजसो कामी जातिले विश्वकर्मा लेखेको पाइन्छ । आखिर जे भए पनि यस वडाका सम्पूर्ण कामी जातिहरूले पेसा र कामको आधारमा सबैले आफूलाई कामी जाति भनि चिनाउँदछन् ।

### ५.१.७.४ घरको प्रकार

यिनीहरूका घर सामान्यतयाः १ वा २ तले पाइन्छन् । यिनीहरूको घर रातो माटो र सेतो कमेरोले लिपेका हुन्छन् । कामी जातिहरूको घरको प्रकार तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ९**

**अध्ययन कामी जातिको घरको प्रकार**

| क्र.सं. | घरको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ढलान घर | १ | २.५ |
| २. | ढुङ्गाको गारो, जस्ता | ३९ | ९७.५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार यस वडाका  कामी जातिहरूको घरको प्रकार सम्बन्धी अध्ययन गर्दा धेरै जनाको ढुङ्गाको गारो र जस्ताको छानो भएको घर पाइयो । यस्ता घरहरूमा ४० घर मध्ये ३९ घर र ढलान घर १ मात्र भएको पाइयो ।

### ५.१.८ कामी जातिको जीवनचक्र

जीवनचक्र भन्नाले मानिस जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कारहरूलाई बुझाउँदछ । कामी जातिले यस्तो संस्कार आ-आफ्नो किसिमले गर्ने गर्दछन् । यिनीहरू मुख्य संस्कारमा जन्म, नामाकरण, ब्रतमान र विवाह पर्दछन् । यिनीहरूको व्याख्या तल गरिएको छ ।

### ५.१.८.१ जन्म संस्कार

यहाँको कामी जातिमा स्वास्नी मानिस सुत्केरी भएमा अगेनादेखि टाढा राखिन्छ । सुत्केरीलाई पानी र अन्य खालका परिकारहरू छुन दिँदैनन् । सुत्केरी प्रायः ११ दिनसम्म उनीहरूले बन्देज लगाएको वस्तु नछोएर बस्ने चलन छ र ११ दिनको दिनमा इष्ट तथा भान्जाद्वारा विधिपूर्वक हातमा धागो बाँधी, चामलको टीका लगाएर यज्ञ समेत गरेपछि सुत्केरी चोखाउने चलन छ । त्यसपछि सुत्केरीलाई सबै वस्तु छुनबाट खुल्ला गरिन्छ । यस्तो बेलामा यिनीहरू नजिकका इष्टमित्र तथा दाजुभाइलाई बोलाएर जाँड, रक्सी पनि खुवाउने

गर्दछन् र खुसीयाली मनाउँदछन् । यिनीहरूमा छोराछोरी जे जन्मे पनि जन्म संस्कार समान नै रहन्छ ।

### ५.१.८.२ नामाकरण

कामी जातिहरूको पुरोहित, इष्ट, भान्जा तथा ज्वाइँ जुन भए पनि यहाँका कामीहरू बच्चा जन्मेपछि नाम राख्नको निम्ति नजिकैको पुरोहित वा ज्योतिषीकहाँ पुगेर नामाकरण गर्ने गर्दछन् । कुनै कुनै पुरोहित तथा ज्योतिषीलाई घरमै बोलाएर पनि ठूलो सफा थालीमा चामल फूल राखेर बच्चाको हातले छुवाई नामाकरण गर्ने गरेको पाइयो । यस्तो नामाकरण गरे वापत पुरोहित तथा वैदार बाजेलाई गच्छे अनुसार दक्षिणा दिने गरेको पाइयो । बच्चाको नामाकरण भइसकेपछि पुरोहित तथा ज्योतिषीलाई ग्रह दशा समेत खुलाई सबै तिथि-मिति तोकेको “जन्म कुण्डली” कागजमा लेखाएर राख्ने चलन यहाँका कामी जातिमा निकै महत्त्वपूर्ण मानिन्छ ।

### ५.१.८.३ चुडाकर्म

कामी जातिमा ब्रतबन्ध गर्दा सुरुमा आफ्नै घरमा वा गाउँघरका आमा-बा भएको मान्छेलाई बोलाई कपाल काट्न लगाउने चलन छ ॥ सुरुको सो कपाल काटे वापत कपाल काट्ने मान्छेलाई पैसा दिने चलन छ । सुरुमा काटेको कपाल नफ्याँकेर सुरक्षित साथ राख्ने चलन छ । यसो गर्दा बालक दीर्घ आयु हुन्छ भन्ने यहाँको परम्परागत मान्यता हो ।

### ५.१.८.४ विवाह संस्कार

विवाह समाजमा एक महत्त्वपूर्ण संस्कारको रूपमा स्थापित छ । विवाह सबै संस्कार र जीवन चक्रमा केन्द्रविन्दुको रूपमा स्थापित छ । यही संस्कारबाट नै मानिसले वास्तविक अर्थपूर्ण जीवन सुरु गरेको मानिन्छ । यसपछि नै व्यक्तिले पूर्णता प्राप्त गर्दछ । विवाह दुई व्यक्तिको सम्बन्ध मात्र नभई यो विशुद्ध धार्मिक अनुष्टानको आयोजनबाट गरिने संस्कार पनि हो । हिन्दु समाजमा विवाह नगर्नुलाई हीनता मानिन्छ । विवाह गरी सन्तानको निरन्तरता कायम गर्दै वंशको अस्तित्त्व बचाउन हिन्दु समाजमा विवाहको मुख्य उद्देश्य रहेको छ ।

विवाह संस्कार जाति अनुसार आफ्नो आफ्नो संस्कार अन्तर्गत फरक फरक हुन्छ । यस अजयमेरु गा.वि.स. वडा नं.३ मा बसोबास गर्ने कामी जातिहरूको रहनसहन सबै बाहुन क्षेत्रीसँग मेल खाने किसिमको पाइयो । यस जातिको विवाह हिन्दु रीति अनुसार आफ्नै प्रकारको संस्कारद्वारा गरिन्छ । यस जातिभित्र अर्को गोत्र वा कुटुम्बसँग विवाह गरिन्छ र विवाहमा बाजागाजा समेत बजाउने गरिन्छ ।

यहाँका कामी जातिको विवाहको लागि केटा पक्षका केटी पक्षकहाँ विवाहको लागि कुरा चलाउन जान्छन् । कुरोकानी पक्का मिल्ने भए पछि केटा पषकाले र केटी पक्षका दुवै बसेर पण्डित बाजे वा ज्योतिषीकहाँ गई नाम जुराई विवाह दिन साइत हेर्न लगाउँछन् । सो कुराको छिनोफानो पछि केटा पक्षकाले विवाह हुनु अगाडी केटी पषका लागि राँगो, रक्सी र रोटी लगी खुवाउने चलन छ । जसलाई यिनीहरूले “मगाउनी” खुवाउनु भन्दछन् ।

यो काम सम्पन्न भइसकेपछि ज्योतिषीको मिति र साइत अनुसार केटा पक्षका दुलाहालाई राम्रोसँग सिंगारी बाजागाजा सहित माइतीलाई खुवाउने सामान सहित दुलहीको घरमा पुग्छन् । विधिपूर्वक कामी जातिका पुरोहित भान्जा वा ज्वाइँद्वारा विवाह कार्य हुने गर्दछ । विवाह प्रक्रियामा गोडा धुने, लगन गाँठो बाँध्ने, सिन्दुर राख्ने, गोडा समात्ने, झुठो खुवाउने र जुवा खेलाउने आिद हुने गर्दछ । यस्तो प्रक्रियामा दुलाहाले दुलहीलाई गच्छे अनुसार रूपैयाँ दिने चलन छ । यसरी दुलाहाले आफ्नो गच्छे अनुसार कपडा र गहना दुलहीलाई दिन्छ भने दुलहीले पनि आफ्नो गच्छे अनुसार कपडा र अन्य सरसामान (घडी, रेडियो, औंठी) दिने चलन छ । डोली दिए पछि दुलाहाको घरतर्फ प्रस्थान गर्दै दुलाहाको घरमा दुलही भित्र्याएपछि विवाह अन्त हुन्छ ।

**तालिका नं. ११**

**अध्ययनक्षेत्रका कामी जातिको विवाह स्थिति**

| क्र.सं. | वैवाहिक स्थिति | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विवाहित | ७५ | ५९ | १३४ | ७३.६२ |
| २ | अविवाहित | १६ | २९ | ४५ | २४.७२ |
| ३ | विदुर/विधवा | २ | १ | ३ | १.६४ |
| जम्मा | | ९३ | ८९ | १८२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

प्रस्तुत तालिकामा वडाका कुल कामी जातिको सङ्ख्या २१२ मध्ये महिला र पुरूषको वैवाहिक स्थिति वर्णन गरिएको छ । यसमा वैवाहिक स्थिति अनुसार विवाहित महिलाको सङ्ख्या ७५ र विवाहित पुरूषको सङ्ख्या ५९ रहेको छ। जम्मा पुरूष र महिलाको विवाहित स्थिति प्रतिशतमा ७३.६२ रहेको छ । यसरी हेर्दा विवाहित महिलाको तुलनामा विवाहित पुरूषको सङ्ख्या कम देखिन्छ । त्यसैगरी अविवाहित महिला १६ जना र पुरूष २९ जना रहेका छन् । जसमा अविवाहित महिला र पुरूष दुवै गरी २४.७२ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा अविवाहित स्थिति महिलाको सङ्ख्याभन्दा पुरूषको सङ्ख्या बढी देखिएको छ । तर विदुर जम्मा १ जना र विधवा २ जना मात्र देखिन्छ।

### ५.१.८.५ मृत्यु संस्कार

मृत्यु संस्कार पनि हरेक समुदायमा आ-आफ्नै प्रकारको पाइन्छ । कामी जातिको मृत्यु संस्कार पनि आफ्नै किसिमको छ। उमेर अनुसार गाड्ने र जलाउने निर्णय गर्दछन्। साना साना बच्चाहरू मृत्यु भएमा नजिकैको खोला किनार अथवा पाखोमा खाल्टो खनी गाड्दछन् भने विवाह भएका र कर्म चलेकालाई हरियो बाँसमा बाँधेर सेतो कपडाले बेरेर मसानघाटमा लगेर जलाउने चलन छ । सो जलाउने काममा सबै गाउँले छिमैकी र दाजुभाइ सम्मिलित हुन्छन्। मरेका मानिसका कपडा सबै लगेर आइमाईहरूले नजिकै खोला वा पँधेरोमा जलाउने र त्यही ठाउँमा लोग्ने मरेको भए स्वास्नीको चुरा पोते र सिन्दुर पखाल्ने गर्दछन्।

कामी जातिको बाबु आमा मरेमा सबै छोराहरू १३ दिनसम्म किरिया बस्दछन् भने दाजुभाईहरूले कपाल काटेर नुन नखाने र पछि सबै आफन्त, दाजुभाई, इष्टमित्र बोलाएर १३ दिनको दिनमा जाँड, रक्सी, रोटी आदि खाएर चोखिने गर्दछन्।

### ५.१.९ कामी जातिका चाडपर्वहरू

नेपालमा रहेका विभिन्न जातजातिका आ-आफ्नै किसिमका रीतिस्थिति रहनसहन भए जस्तै चाडपर्वहरू पनि आ-आफ्नै किसिमले मनाउने गर्दछन्। कामी जाति पनि हिन्दु धर्म अनुसार सबै चाडपर्वहरू मान्दछन् । यस अजयमेरु गा.वि.स.वडा नं.३ मा ब्राम्हणको बाहुल्यता बढी

भएको कारणले यहाँका कामी जातिहरूले पनि ब्राम्हण क्षेत्रीहरूले मान्ने चाडपर्वहरू नै मान्ने गरेको देखिन्छ । यस जातिले मनाउने प्रमुख चाडहरूमा दसैं, तिहार, चैतेदसैं, तीज, कृष्ण अष्टमी, माघे र साउने संक्रान्ति आदि पर्दछन् । जसको सङ्क्षिप्त वर्णन तल गरिन्छ ।

### ५.१.९.१ दसैं

हिन्दुहरूको महान चाड वडा दसैं कामी जातिहरूले पनि धुमधामसँग मनाउने गर्दछन् । यस जातिले अरु बेला दुःखदायी जीवनयापन गरे तापनि यस बेला ऋण काटेर भए तापनि मीठा खाने र राम्रो लगाउने गर्दछन् । दसैंमा फूलपातीको दिनदेखि कोजाग्रत पूर्णिमासम्म राँगो, बोका, हाँस, कुखुरा, काटेर जाँड-रक्सीसँग मासु खादै रमाइलो गर्दछन् । यसको साथै सप्तमकिो दिनमा नवद ुर्गा भवानीको पूजा सहित आफ्नो आरनको पूजा पनि गर्दछन् । विजया दशमीका दिन आफ्नो मान्यजनका हातबाट टीका थाप्ने चलन छ । यिनीहरूको जातमा पूर्णिमासम्म टीका लगाउने चलन रहेको पाइन्छ ।

### ५.१.९.२ तिहार

हिन्दुहरूको दोस्रो ठूलो चाड तिहार हो । कामी जातिहरूले तिहार पनि धुमधामसँग मनाउने गर्दछन् । तिहारमा देउसी, भैलो र नाचगान गर्दै ५ दिनसम्म रमाइलो गर्दछन् । यस चाडमा काग पूजा, कुकुर पूजा, गाई पूजा, गोरू पूजा गर्नुका साथै टीकामा दिदीबहिनीका हातबाट टीका लगाई गच्छे अनुसार लत्ताकपडा र पैसा दिन्छन् । दिदी बहिनीहरूले पनि विभिन्न किसिमका फलफूल, रोटी, रक्सी दिने गर्दछन् ।

### ५.१.९.३ चैते दसैं

हिन्दु मान्यता अनुसार विजया दशमीलाई ठूलो दसैं र चैते दसैंलाई सानो दसैंको रूपमा मनाउने परम्परा भएकोले कामी जातिहरूले पनि यसलाई आफ्नो गच्छे अनुसार मनाउने गर्दछन् ।

### ५.१.९.४ तीज

तीजमा आफ्ना दिदी बहिनीहरूलाई लिन जाने चलन अरु जातिको जस्तै यस जातिमा  पनि भएको पाइन्छ । दिदी बहिनी आएपछि उनीहरूलाई दूध, दही, घिउ र मासु खान दिने चलन

छ । महिलाहरू सबै व्रत बस्ने भएकोले "दर" खाने चलन छ । गाउँले दिदीबहिनी जम्मा भएर तीजका गीत गाउने गर्दछन् ।

### ५.१.९.५ माघे र साउने संक्रान्ति

यस गा.वि.स.ा बाहुन क्षेत्रीको बसोबास भएकोले उनीहरूले मनाउने माघे र साउने संक्रान्ति कामी जातिहरूले पनि मनाउने गरेको पाइन्छ । यस्ता पर्वहरूमा मासु र जाँड-रक्सी बढी खान्छन् भने अर्कोतिर मावली र माइती पनि जाने गरेको पाइन्छ ।

### ५.१.९.५ कुलदेवताको पूजा

कुल देवताको पूजा प्रायः गरी आफ्ना दाजुभाइहरूले आफ्नै गोत्र र जात भित्रै गरिने पूजा हो । यहाँ बसोबास गर्ने कामी जातिहरूले वैशाख पूर्णिमाका दिनमा सबै दाजुभाइहरू मिलेर बोका काटी कुलदेवताको पूजा गरेको पाइन्छ । कुल देवताको पूजा गर्दा आफन्त, इष्टमित्रहरू बोलाइन्छ र आफूले भ्याएसम्म मीठो मसिनो खाने गरेको पाइन्छ ।

### ५.१.७ कामी जातिको अन्य जातिसँगको सम्बन्ध

यस अजयमेरुगा.वि.स.वडा नं. ३ का कामी जातिहरूको यहाँ बस्ने सबै जातिसँगको सम्बन्ध सौहार्दपूर्ण रहेका देखिन्छन् । एउटै जातिले मात्र आफ्ना सबै आवश्यकता परिपूर्ति गर्न असक्षम भएकोले प्रत्येक जातजाति एक अर्कासँग आवश्यक सम्बन्ध गाँस्नु अत्यन्त आवश्यक देखिन्छ । आफ्नो जीवनकालमा मानिसलाई समय समयमा विभिन्न समस्याले सताउने गर्दछ, त्यो एक जातिको सहयोगविना अर्को जाति अछुत रहन सक्दैन ।

यस वडामा बसोबास गर्ने जातिहरूमा ब्राम्हण, क्षेत्री, कामी र सार्की रहेका छन् । तिनीहरू बीचमा एकदम सुमधुर सम्बन्ध कायम भएको छ । कामी, सार्की आर्थिक अवस्थाबाट ब्राम्हण र क्षेत्रीभन्दा पछाडी परेका जातिका रूपमा रहेका छन् । यिनीहरूले आफ्नो घरायसी काम र अन्य कामको लागि चाहिने आवश्यक रकम ब्राम्हण र क्षेत्रीबाट ऋृण लिने गरको छन् । साथै ब्राम्हण क्षेत्रीलाई "विष्ट" मानेर उनीहरूको भाँडावर्तन बनाउने, कृषि कार्यमा सहयोग गर्ने आदि काम गरेर आफ्नो व्यवहार चलाउने गरेको पाइन्छ । ब्रँमहण क्षेत्रीको घरमा गई काम गर्ने र काम गरे वापत अन्न अथवा रकम लिई आफ्नो काम चलाउने

गर्दछन् । ब्राम्हण, क्षेत्रीका घरमा भएका हँसिया, कुटो, कोदालो, बन्चरो, विभिन्न हतियार बनाइदिन्छन् र त्यस बापत अन्न लिई आफ्नो पारिवारिक गुजारा चलाउँदछन् ।

यस्तै गरेर कामी जातिले सार्की जातिलाई आफूभन्दा सानो जातिको रूपमा मानेको पाइन्छ । सार्कीले पकाएको खाना कामीले खाँदैनन् तर कामीले पकाएको सार्कीले खाने गर्दछन् । यी दुर्य जाति बीच राम्रो सम्बन्ध रहेको पाइन्छ । कामी र सार्की बीच एकले अर्कालाई विभिन्न आवश्यकता सक्दो सहयोग गरी सम्बन्धित रहेका हुन्छन् ।

### ५.१.८ कामी जातिको सामाजिक एवं सांस्कृतिक परिवर्तन

समय अनुसार हरेक व्यक्ति, समाज र देशले नयाँ नयाँ परिवर्तनको चाहना गरेको हुन्छ र त्यही अनुसार परिवर्तन पनि हुन्छ । यस अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्दै आएका कामी जातिसँग परम्परागत मूल्य, मान्यता, संसकृति एवं रूढीवादीपना आदिमा निकै परिवर्तन आइसकेको छ । यहाँ बस्ने कामीको मुख्य सम्बन्ध ब्राम्हण र क्षेत्री जातिसँग नै हुने भएकाले यहाँ ब्राम्हण क्षेत्रीको प्रभावको परसंस्कृति ग्रहण प्रशस्त भएको पाइन्छ । यहाँको कामी जातिमा आएका परिवर्तनको सङ्क्षिप्त वर्णन तल गरिएको छ ।

### ५.१.११.१ शैक्षिक परिवर्तन

यस ठाउँमा बस्ने कामी जाति केही समय अगाडी केटाकेटी विद्यालय जाँदैनथे । प्रायः जसो शिक्षाको उज्यालोबाट वञ्चित थिए । जब शिक्षा नीतिमा आमूल परिवर्तन भयो । तब कामी जातिकाहरू विद्यालय जान थाले । अहिले आएर यहाँ केटाकेटीहरू विद्यालय जान्छन् । कोही प्रा.वि., कोही मा.वि.तहमा अध्ययन गरेका छन् । तर धेरै जसो केटाकेटी मा.वि. शिक्षापछि पढाइ छोडेर घर काममा लागेको पाइन्छ भने साना बालबालिकाहरू विद्यालय गएको पाइन्छ । जे भए तापनि कामी जातिहरूमा पनि शिक्षाको महत्त्व, शिक्षा आर्जन गर्ने भावनामा विकास भएको पाइएको छ ।

### ५.१.११.२ पेशामा परिवर्तन

यस वडामा बसोबास गर्ने कामी जातिको मूल परम्परागत पेसा फलाम पिट्नु “विष्ट प्रथा” थियो । तर यहाँका कामी जातिहरू यस पेसाबाट जीवन धान्न कठिन भए पछि कृषि पेसामा

संलग्न हुन थाले । ब्राम्हण र क्षेत्रीले जस्तै गाई, भैंसी, गोरू, बाखा, कुखुरा आदि पाल्न थालेका छन् भने खेतीपातीमा धान, मकैं, कोदो, गहुँ आदि खेती लगाउँदछन् । कुनै कामीले मिस्त्री काम गर्ने, काठको काम गर्ने, घर गोठ बनाउने, गाडी चलाउने गर्दछन् भने कुनै युवाहरू विदेश पनि गएको पाइन्छ । यसरी कामी जातिको पेसामा परिवर्तन आएको पाइन्छ ।

**तालिका नं. १२**

**अध्ययन कामी जातिको पुर्ख्यौली पेसाको विवरण**

| क्र.सं. | परम्परागत पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गर्ने | ४ | १० |
| २. | नगर्ने | ३६ | ९० |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

यस तालिकामा परम्परागत पेसा गर्ने जम्मा ४ जना अर्थात् १० प्रतिशत छ भने ३६ जना अर्थात् ९० प्रतिशत मानिसहरू परम्परागत पेसा नगर्ने रहेका छन् । यसो हुनुमा पुर्ख्यौली पेसाबाट गुजारा नचल्नु र आधुनिक मेशिनबाट बनेका सामानहरूको प्रभावले गर्दा आफ्नो पुर्ख्यौली पेसा छोडी कृषि तथा अन्य काममा लागेको पाइन्छ ।

### ५.१.११.३ पारिवारिक सुविधामा परिवर्तन

देशमा आएको विभिन्न परिवर्तनको कारणले गर्दा अरु जाति जत्तिकै यस जातिमा पनि आधाुनिक सञ्चारको सुविधाहरूले परिवर्तन ल्हाएको छ । यस अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने कामी जातिहरूमा पहिलेभन्दा अहिले आफ्नो परिवारमा अति आवश्यक पर्ने सुविधाहरू प्रयोग गर्न थालेका छन् । उनीहरूको घर परिवारमा चाहिने विभिन्न सुविधाहरू ज्याला मजदुरी गरेर, सिकर्मी, डकर्मी, काम गरेर वा कोही विदेश गएर पनि पूरा गरेका छन् । यिनीहरूको घरपरिवारमा भएका सुविधाहरूलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. १३

## अध्ययन कामी जातिको घर परिवारमा सुविधा विवरण

| सुविधाहरू | छ | | छैन | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| रेडियो | ४० | १०० | – | – | ४० | १०० |
| मोबाइल फोन | ४० | १०० | – | – | ४० | १०० |
| विद्युत् | ४० | १०० | – | – | ४० | १०० |
| टि.भि | ३६ | ९० | ४ | १० | ४० | १०० |
| केबल लाइन | ९ | २२.५ | ३१ | ७७.५ | ४० | १०० |
| कम्प्युटर | २ | ५.० | ३८ | ९५.०० | ४० | १०० |
| गोबर ग्याँस | ३ | ७.५ | ३७ | ९२.५ | ४० | १०० |
| एल.पी. ग्याँस | १५ | २७.५ | २५ | ७२.५ | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

यस तालिका अनुसार कामी जातिको घरपरिवारमा रेडियो, मोबाइल फोन, विद्युत् प्रयोग गनेृको सङ्ख्या ४० घरमा ४० नै घर (१००%) देखियो । त्यसैगरी टि.भि. प्रयोग गर्नेमा ३६ घरपरिवार (९०%) र प्रयोग नगर्नेमा ४ घरपरिवार (१०%) देखियो । केबल लाइन प्रयोग गर्ने घर परिवार सङ्ख्या ९(२२.५%) र प्रयोग नगर्ने घरपरिवार सङ्ख्या ३२ (७७.५%) देखियो । यसै गरी कम्प्युटर प्रयोग गर्ने घरपरिवार सङ्ख्या २ (५%) र प्रयोग नगर्ने घर परिवार सङ्ख्या ३८ (९५.२%) देखियो । गोबर ग्याँस प्रयोग गर्ने घरपरिवार सङ्ख्या ३ (७५%) प्रयोग नगर्नेको सङ्ख्या ३८ (९२.५%) देखियो भने एल.पी. ग्याँस प्रयोग गर्ने घर परिवार सङ्ख्या १५ (२७.५%) र प्रयोग नगर्ने २५ (७२.५%) देखियो । यस तालिकामा के स्पष्ट हुन्छ भने रेडियो प्रयोग गर्ने घरपरिवार शत प्रतिशत रहेका छन् भने त्यसपछिका घरपरिवारका टि.भि. प्रयोग गर्ने गरेका छन् । सबैभन्दा कम कम्प्युटर प्रयोग गर्ने घरपरिवार रहेको पाइयो ।

### ५.१.११.४ रहनसहनमा परिवर्तन

यहाँका कामी जातिहरूले समय परिवर्तनसँग आफ्नो रहनसहनमा निकै परिवर्तन गरी सकेको छन् । पहिले कामी जातिका पुस्ताले लगाउने गरेको दौरा, सुरूवाल, मोटो, कछाड, टोपी र कोटको सट्टा सर्ट, पाइन्ट र ज्याकेट आदिले नयाँ पुस्तालाई प्रभाव पाऱ्यो । त्यसैगरी महिलाको गुन्यू, चोलो, मजेत्रोले सट्टा साडी, ब्लाउज, सुइटर, कुर्था सुरूवाल प्रयोगमा आएको छ । त्यसैगरी खानपिनमा पनि यिनीहरू पहिले साधारण ढिंडो, रोटी, सातु, मकैं, अचार, माछा, मासु जस्ता परिकार खाने गर्दछन् । यिनीहरूमा भाषाको निकै शुद्धपना आएको छ र बाहुन, क्षेत्री र ठकुरीले प्रयोग गर्ने भाषा यिनीहरूले पनि प्रयोग गर्ने गर्दछन् ।

### ५.१ कामी जातिको आर्थिक अवस्था

मानिसहरूको हरेक पक्षलाई आर्थिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । जो व्यक्ति आर्थिक रूपमा कमजोर छ, ऊ हरेक पक्षमा पछि नै पर्दछ । आर्थिक पक्षले मानिसको प्रतिष्ठालाई बढाएको हुन्छ । आजको युगमा आर्थिक अवस्थाले झनै प्रभाव पारेको हुन्छ । कुनै पनि जाति वा समुदायको उन्नतिमा आर्थिक अवस्थाले उसको हरेक क्षेत्रमा प्रभाव पारेको हुन्छ ।

यसरी विज्ञानले गरेको आविष्कार साधनले जुनसुकै जातिले जुनसुकै जातिको कार्य गर्न सक्ने हुनाले अहिले आएर जातीय पेसा यही जातिको हो भनेर भन्न गाह्रो परेको छ । कामी जातिको पेसा गरगहना तथा घरायसी हातहतियार बनाउने काम अहिले पढे लेखेका मानिस र भारतीय मुलुकका मानिसले बढी अँगालेको पाइन्छ । यसरी झनै कामी जातिको आर्थिक स्थिति नकरात्मक बन्दैछ । यसबाट उनीहरूले आफ्नो पेट पाल्न गाह्रो भएपछि हाल यो पेसा छोडेर कृषि, ज्याला मजदुरी, मिस्त्री आदि कार्य गर्न थालदेका छन् । यिनीहरूलाई बाह्रै महिना काममा लाग्दा, मजदुरी गर्दा समेत छाक टार्न मुस्किल हुनु आर्थिक अवस्था कमजोर भएर नै हो । यसरी कामी जातिहरूले बाह्रै महिना लगानी गरी भाँडाकुँडा बनाउँदा पनि आधुनिक मेशिनद्वारा निर्मित हातहतियार र गरगहनासँग प्रतिस्पर्धा गर्न नसक्दा आर्थिक अवस्था सङ्कटमा परेको छ । आफ्ना बालबच्चालाई औषधी उपचार, शिक्षादीक्षा आदि दिन सकेका छैनन् । यस अजयमेरु गा.वि.स. वडा नं.३ मा बसोबास गर्ने कामी जातिहरू चौबीसे घण्टा व्यस्त रहँदा पनि यिनीहरूको आर्थिक अवस्था कमजोर देखिएको छ । यिनीहरूलाई दुई छाक खान र एकसरो लाउनमा पनि धौ धौ परेको देखिन्छ ।

नेपालमा दलित जातिमा परेको यो मर्काको निम्ति सम्पूर्ण दलितहरू एकजुट भएर आर्थिक उत्थानमा लाग्नु पर्दछ । हरेक जातीय उत्थानको निम्ति पेसाको ग्यारेन्टी हुनुपर्दछ । देशभित्र उद्योगधन्दा खडा गरी तिनीहरूमा सीपमूलक तालिम दिनुपर्दछ । यसो गर्न सकेमा कामी जातिको आर्थिक सुधार हुनेछ ।

यस अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने कामी जातिको परम्परागत मुख्य पेसा भाँडाकुँडा, कुटो, कोदालो, हँसिया आदि बनाउनु थियो । तर हाल आएर यिनीहरूको गुजारा त्यही परम्परागत पेसाबाट समाधान नहुने भएपछि आजकल कृषि पेसाको साथै ज्याला मजदुरी गर्ने, सिकर्मी, डकर्मीको काम गर्ने, कोही विदेश जाने गरेका छन् । यसको साथै घरमा गाई, भैंसी, गोरू, बाख्रा, कुखुरा समेत पालेर मल खेतबारीमा प्रयोग गर्ने र पशु-चौपाया बेचेर पैसा कमाउने पनि गरेका छन् । यहाँका कामी जातिले गर्ने परम्परागत पेसाको साथै अन्य पेसाको बारेमा तल सङ्क्षिप्त वर्णन गरिएको छ ।

### ५.२.१ पेसा

हरेक जातिले आफ्नो जीवन गुजारा गर्नको लागि केही न केही पेसा अवश्य गर्नुपर्दछ । यस अजयमेरुगा.वि.स. वडा नं. ६ का कामी जातिहरूले परम्परागत पेसाको रूपमा कतिपयले कृषि पेसालाई अँगालेका छन् । यस्तै गरी आफ्नो जीवन निर्वाह गर्ने अन्य सहायक पेसा पनि अँगाल्दै आएका छन् । यिनीहरूको सहायक पेसा घर बनाउनु, काठको काम गर्नु, ज्याला मजदुरी गर्नु र विदेश जानु आदि भएका छन् । तलको तालिकामा कामी जातिको पेसालाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नं. १४**

**अध्ययन कामी जातिको पेसागत विवरण**

| क्र.सं. | पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १२४ | ५८.४९ |
| २. | विदेश गएका | २६ | १२.२६ |
| ३. | ज्याला मजदुरी | ९ | ४.२५ |
| ४. | नोकरी | ७ | ३.३० |
| ५. | ड्राइभर | ३ | १.४१ |
| ६. | आरन | ४ | १.८९ |
| ७. | आश्रित | ४० | १८.८६ |
| जम्मा | | २१२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

उपरोक्त तालिका अनुसार यस वडामा बसोबास गर्ने कामी जातिको सबैभन्दा बढी सङ्ख्या कृषि पेसामा १२४ जना लागेको देखियो । धेरै सङ्ख्या देखिएकाले यिनीहरूले कृषि पेसालाई आफ्नो मुख्य पेसा बनाएको पाइन्छ । यसैगरी क्रमशः विदेश गएका सङ्ख्या २६ जना, ज्याला मजदुरी गर्ने ९ जना, नोकरी गर्ने ७ जना, ड्राइभर काम गर्ने ३ जना र आफ्नो परम्परागत पेसा अपनाउने सङ्ख्या जम्मा ४ जना पाइएको छ । यसबाट के स्पष्ट हुन आउँछ भने कामी जातिहरूले आफ्नो परम्परागत पेसा छोडी अन्य पेसामा संलग्न भएको पाइन्छ । साथै कामी जातिहरूको दोस्रो धेरै सङ्ख्या आश्रित रूपमा ४० जना रहेको पाइन्छ । यो आश्रित सङ्ख्या भन्नाले (०-१०) र ६० भन्दा माथिका उमेर समुहका जनसङ्ख्यालाई राखिएको छ । जसमा बालबच्चा र उमेर पुगेका बुढापाका पर्दछन् । जो घरमा नै बसेका छन् ।

## ५.२.२ आरनको काम र आय सम्बन्धी विवरण

अजयमेरु गा.वि.स. वडा नं. ३ मा बस्ने कामी जातिको अध्ययनका क्रममा आरनमा काम गर्ने व्यक्तिहरूसँग कामको उपलब्धता सम्बन्धी विवरण लिइएको थियो । आरनमा काम गर्ने ४ जनाहरूमा औषतमा ४/५ महिना आरनमा काम हुने र अरु समय काम नहुने भन्ने

जानकारी प्राप्त भएको छ । यसले अध्ययन क्षेत्रमा आरन प्रतिको आकर्षा न्यून हुने देखिन्छ । साथै आरनमा काम गर्दा कत्तिको आम्दानी हुन्छ भनी प्रश्न गर्दा औसतमा ६ महिना जति मात्र खान पुग्ने बताएका छन् । बाली प्रथा सँगै केही नगद पनि प्राप्त हुने उनीहरूले बताएका छन् ।

### ५.२.३ पुरानो पेसाप्रतिको दृष्टिकोण

यस अध्ययनको कामी जातिको परम्परागत पेसाप्रतिको दृष्टिकोण बुझ्न सहयोग गरेका छ । तपाईं यस पेसाप्रति सन्तुष्ट हुनुहुन्छ भनी प्रश्न गर्दा आरनमा काम गर्ने ४ जनाले नै असन्तुष्ट भएको कुरा व्यक्त गरेको पाइन्छ । असन्तुष्ट हुनुको कारण सोध्दा सबै व्यक्तिले न्यून ज्यालामा सम्बन्धी गुनासो व्यक्त गरेका छन् । पुरानो प्रथा बालीघरे र आरन सम्बन्धी कामना असन्तुष्ट हुनाको कारणहरूमा बालीघरे प्रथाले खान नपुग्ने, कठिन कार्य, समयमा बाली नउठ्ने र कृषि कार्य गर्नेहरूको सङ्ख्या क्रमशः घट्दै जानु भन्ने बताएको पाइन्छ ।

### ५.२.३ पुरानो पेसाप्रति आकर्षण कम हुनुको कारण

नेपाली समाज वर्ण व्यवस्थामा विभाजित छ । उक्त व्यवस्था अनुसार निश्चित कार्यहरू तोकिएको हुन्छ । परम्परागत वर्णव्यवस्थामा आरनको काम गर्ने कामी जातिहरूको पेसा वर्तमान समयमा न्यून आकर्षणको पेसा बनेको छ । सामाजिक, आर्थिक परिवर्तन सँगै पेसामा पनि परिवर्तन देखिनु स्वभाविक हो । तर पनि कामी जातिहरूको यो पेसा प्रतिको न्यून आकर्षणको कारणहरूमा कठिन कार्य, युवाहरूको वितृष्णा, फोहोरी काम, अन्य क्षेत्रमा काम गर्न सहज उपलब्धता, वर्षभरि खान नपुग्ने तथा सामाजिक दृष्टिले न्यून सम्मानको कार्य भएकोले वर्तमान समयमा यो पेसाप्रति आकर्षण ज्यादै न्यून छ । साथै औद्योगिक विकासको प्रभावले गर्दा यो पेसामा पनि प्रतिकूल असर परेको पाइन्छ । नेपालबाट धेरै व्यक्तिहरू वैदेशिक रोजगारमा जाने गरेको हुनाले युवा पुस्ताहरू विदेश पलायन हुँदा यो पेसा न्यून छनोटमा परेको पाइन्छ ।

### ५.२.४ सन्ततिहरूलाई परम्परागत पेसामा संलग्न गराउने सम्बन्धी विवरण

अध्ययन घर परिवारका व्यक्तिहरूसँग सन्तानहरूको पेसा सम्बन्धी अवधारणा बुझ्न खोजिएको छ । परम्परादेखि मानिएको आरन लगाउने पेसा सम्बन्धमा सन्तान पनि संलग्न

गराउनु पेसाको निरन्तरताको लागि सहजता हुन्छ । तर सबै उत्तरदाताहरूले आफ्ना सन्तानहरूले यो पेसा नअपनाउने चाहना गरको छन् । किन यो पेसामा सन्तानहरूलाई संलग्न गराउन चाहनुहुन्छ भन्ने प्रश्न गर्दा सबै उत्तरदाताबाट यो पेसाले जीवन निर्वाह हुँदैन भन्ने उत्तर प्राप्त भएको छ । यसबाट पेसाप्रतिको नकरात्मक दृष्टिकोण प्रष्ट देखिन्छ ।

### ५.२.५ परम्परागत पेसालाई आधुनिक बनाएमा पेसाप्रतिको दृष्टिकोण

परम्परागत रूपमा कामी जातिले सञ्चालन गर्दै आएको पेसा आरन सम्बन्धी काम हो । यो पुरानो प्रविधि ज्ञानबाट सञ्चालित हुन्छ । वर्तमान समयमा औद्योगिक विकास र आधुनिक प्रविधिको विकासले कार्यहरूलाई आधुनिक र सहज सरल बनाउन सक्दछ । विश्वमा विकास भएका विकास भएका प्रविधिले परम्परागत कार्यलाई सहज र व्यवस्थ्ति बनाएको पाइन्छ । यसै सन्दर्भमा अध्ययन कामी जातिमा यदि तपाईंको पुर्ख्यौली पेसा आरनलाई आधुनिक र व्यवस्थित बनाएमा यो पेसालाई पुनः सञ्चालन गर्न चाहनुहुन्छ भनि प्रश्न गर्दा ४० घर परिवार मध्ये ७ घर परिवारले चाहन्छु र ३३ घरपरिवारले चाहँदिन भन्ने उत्तर दिएका थिए । जसलाई तलको तालिकाले जनाउँदछ ।

**तालिका नं. १५**

**पेसालाई आधुनिक बनाएमा पुनः निरन्तरता दिने विवरण**

| क्र.सं. | पेसा निरन्तरता | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दिने | ७ | १७.५० |
| २. | नदिने | ३३ | ८२.५० |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

उपरोक्त तालिका अनुसार पुरानो पेसालाई आधुनिक बनाउमा पेसा निरन्तरता दिनेको घर सङ्ख्या ७ (१७.५०%) रहेको छ भने पेसामा निरन्तरता दिन नचाहनेको घरसङ्ख्या ३३ ( ८२.५०%) रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने परम्परागत पेसालाई आधुनिकीकरण र व्यवस्थित बनाएमा कामी जातिहरू अझै यस पेसामा संलग्न हुन सक्ने देखिएको छ ।

### ५.२.६ अध्ययन कामी जातिको वैदेशिक स्थिति

आर्थिक दृष्टिकोणले सक्रिय जनसङ्ख्या त्यो शक्ति हो, जो आफैँ काम गरेर बाँच्न सफल हुन्छन् । यस्तै गरेर यस गा.वि.स वडा नं.६ मा बस्ने कामी जातिहरू पनि कोही कृषि पेसा र अन्य पेसामा संलग्न छन् भने केही युवा पुस्ताहरू वैदेशिक रोजगारमा विदेश गएका छन् । विदेश गएका युवाहरूको कमाईबाट नै उनीहरूको जीवन निर्वाह भएको पाइन्छ । विदेशबाट कमाएर पठाएको रकमले केही कामी जातिका घरपरिवार जीवन निर्वाह गर्न बाध्य रहेका छन् । अध्ययन कामी जातिको घर परिवारमा विदेशको रकम कति घरपरिवारले प्राप्त गर्दछन् र कति घर परिवारले प्राप्त गरेका छैनन् भन्ने विवरण तल तालिकामा देखाइएको छ ।

**तालिका नं.१६**

**अध्ययन कामी जातिको विवरण विप्रेषण प्राप्त गर्ने**

| क्र.सं. | विप्रेषणको स्थिति | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्राप्त गर्ने | १९ | ४७.५ |
| २. | प्राप्त नगर्ने | २१ | ५२.५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

प्रस्तुत तालिका अनुसार अध्ययन कामी जातिको विप्रेषण प्राप्त गर्ने घरपरिवार सङ्ख्या १९ (४७.५%) र प्राप्त नगर्नेको सङ्ख्या २१ (५२.५%) रहेको देखिन्छ । यसबाट विप्रेषण प्राप्त गर्ने घरपरिवारको सङ्ख्याभन्दा प्राप्त नगर्ने घरपरिवारको सङ्ख्या बढी देखिन्छ ।

## ५.३ भू-स्वामित्व

यस अजयमेरुगा.वि.स. वडा नं. ६ मा बसोबास गर्ने कामी जातिको भू-स्वामित्व सबै घरमुलीमा रहेको छ । यहाँ कामी जातिहरूमा सबै सँग धेरै थोरै आफ्नो जग्गा रहेको छ । केहीसँग बढी नै छ भने केही सँग घर बनाउने मात्र भए पनि जग्गा छ । यिनीहरू आफ्नो भू-स्वामित्व भएको जग्गा जस्तै : पाखोबारमि एउटा सानो घर बनाई बाँकी जग्गामा आवश्यक तरकारी लगाई खाने गर्दछन् । कोही कामी जातिको भने खेतबारी पनि छ जहाँ उनीहरू कृषिजन्य उत्पादन गर्ने गरेका छन् । यिनीहरूमा भएको भू-स्वामित्वको जग्गा तल तालिकामा देखाइएको छ ।

**तालिका नं.१७**

**अध्ययन कामी जातिको भू-स्वामित्व भएको जग्गाको विवरण**

| क्र.सं. | भू-क्षेत्रफल | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १-३ रोपनी | २१ | ५२.५ |
| २. | ३-६ रोपनी | ११ | २७.५ |
| ३. | ६-९ रोपनी | ५ | १२.५ |
| ४. | ९-१२ रोपनी | ३ | ७.५ |
| ५. | १२ देखि माथि | – | – |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार सबैभन्दा बढी भू-स्वामित्व भएको जग्गा १ देखि ३ रोपनी जम्मा परिवार सङ्ख्या २१ जनासँग भएको पाइयो । यसैगरी ३ देखि ६ रोपनी जग्गा भएका घरपरिवार ११ वटा, ६ देखि ९ रोपनी जग्गा भएका घरपरिवार ५ जना र ९ देखि १२ रोपनी जग्गा भएका घरपरिवार ३ जना रहेका पाइयो । यस्तै १२ रोपनीदेखिमाथि कुनै पनि कामी जातिको घरपरिवारमा भू-स्वामित्व नरहेको पाइएको छ ।

## ५.४ वार्षिक आय

कुनै पनि व्यक्तिको उसको स्तर के कति छ भनि नाप्ने यन्त्र नै वार्षिक आय हो । जुन व्यक्तिको आयस्तर भौतिक सुख र सुविधाबाट सम्पन्न हुन्छ भने जसको आय निम्न स्तरको हुन्छ त्यस्तो व्यक्तिको स्तर निकै तल झरेको हुन्छ । त्यसैले कामी जातिको आर्थिक अवस्था थाहा पाउनको निम्ति यहाँ कामी जातिको वार्षिक आयस्तर पत्ता लगाउने प्रयास गरिएको छ ।

**तालिका नं.१८**

**अध्ययन कामी जातिको वार्षिक आयको विवरण**

| क्र.सं. | वार्षिक आय | घर परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रु. ५,००० देखि १,००० सम्म | ९ | २२.५ |
| २. | रु. १,००० देखि १५,००० सम्म | ५ | १२.५ |
| ३. | रु. १५,००० देखि २०,००० सम्म | १९ | ४७.५ |
| ४. | रु. २०,००० भन्दामाथि | ६ | १५ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

प्रस्तुत तालिकामा अजयमेरुगा.वि.स. वडा नं. ६ मा रहेका कामी जातिको रु. ५००० देखि १०,००० (२२.५%) सम्म वार्षिक आय भएका जम्मा ९ घरपरिवार रहेका छन् भने रु. १०,००० देखि १५,००० (१२.५%) सम्म आयस्तर हुने ५ घरपरिवार, १५,००० देखि २०,००० (४७.५%) सम्म आयस्तर हुने घरपरिवार १९ र २०,००० (१५%) भन्दा माथिको आयस्तर हुनेमा ६ घरपरिवार रहेका छन् । यहाँ सबैभन्दा बढी आयस्तर हुने घर परिवार १९ रहेको छ किनभने यसभत्रि वैदेशिक रोजगारमा जाने घरपरिवारको संलग्नता रहेको छ ।

## ५.५ पशुपंक्षी पालन

यस अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने ामी जातिले हाल आएर पशुपंषी पालन गर्ने काम सुरु गरेको पाइन्छ । उनीहरूले केही पशुपंषी दूध र मासुको निम्ति पालेका छन् भने केही बेचेर नगद रूपैयाँ कमाउने र पारिवारिक गुजारा चलाउने गरेको पाइयो । उनीहरूले पाल्दै आएका पशुपंक्षीको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं.१९

### अध्ययन कामी परिवारमा पालिएका पशुपंक्षीको विवरण

| क्र.सं. | पालिएका पशुपंक्षी | घर परिवार सङ्ख्या |
|---|---|---|
| १. | गाई-गोरू | ३० |
| २. | भैंसी | २२ |
| ३. | बाखा | १३ |
| ४. | कुखुरा | ३५ |
| जम्मा | | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

प्रस्तुत तालिकामा अनुसार यस ठाउँमा बसोबास गर्ने कामी जातिले प्रायः सबै घरपरिवारले कुखुरा पालेको पाइयो । त्यस्तै गाई-गोरू ३० परिवारले, भैंसी २२ परिवारले र बाखा १३ घरपरिवारले पाल्ने गरेका छन् । यसरी पशुपंक्षीको विवरण हेर्दा हाल यिनीहरू पशुपंक्षी व्यवसायमा अगाडी बढेको तथ्य प्रमाणित हुन्छ ।

## ५.६ कामी जातिको राजनीतिक अवस्था र परिवर्तन

नेपालमा प्रचलित वर्ण व्यवस्था र जातीय छुवाछुत प्रथाको कारण विभिन्न जातका मानिसहरूको सामाजिक हैसियत एक प्रकारबाट जन्मजात तोकिएको हुन्छ । वि.स.२००७ साल पछि प्रजातान्त्रिक युगमा प्रवेश गरे पनि नेपालमा उपल्ला जात मानिनेहरूको बढी हाली मुहाली चलेको छ । क्रमशः प्रजातान्त्रिक अभ्याससँगै शिक्षा स्वास्थ्य तथा चेतनाको विस्तारसँगै विभिन्न क्षेत्रमा आफ्ना हक अधिकारको आवाज उठ्न थाले पछि दलित तथा जातिहरूहरूमा पनि राजनीतिक चेतना वृद्धि भएको छ । यसै सन्दर्भमा वि.स.२०३६ साल, २०४६ र २०६२/०६३ साथै १० वर्षे माओवादी जनआन्दोलनले राजनीतिक चेतना वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

कामी जातिको राजनीतिक अवस्था र परिवर्तन सम्बन्धमा स्थानीय पूर्व जनप्रतिनिधि, कामी जातिका अगुवा, गा.वि.स. सहजकर्ता र वडाका मुख्य सूचनादातासँगको छलफलमा केही तथ्यहरू प्रकाशमा आएका छन् । अध्ययन क्षेत्रका जातिहरूमा वि.स.२०४६ अगाडी १/२

जना मानिस मात्र पञ्चायत प्रणाली अन्तर्गत तत्कालिन गाउँ पञ्चायतमा सम्पर्कमा मात्र थिए । खासै हक अधिकारको बारेमा चासो दिँदैन थिए । तर २०४६ साल पछिको अवस्थामा केही परिवर्तन भएको छ । शिक्षाको प्रभाव सँगै गा.वि.स.मा दलित तर्फको प्रतिनिधिको व्यवस्था भएको छ । जसले गर्दा उनीहरूमा जातीय उत्थानको प्रयासहरू भएको पाइन्छ । विभिन्न दलित क्षेत्रमा काम गर्ने सङ्घ सङ्गठनहरूले हक अधिकार र समानताका कुराहरू उठाएर सचेतना जगाएको देखिन्छ ।

विशेषतः २०५२ सालपछिको जनआन्दोलनले दलित जातिमा हक, अधिकार र समानताका आवाजहरू उच्च स्वरले उठेको र प्रयोगमा आएको तात्पर्य उक्त छलफलमा व्यक्त भएको छ । वर्तमान समयमा उनीहरूको आर्थिक अवस्था राम्रो बनाउन वैदेशिक रोजगारले पनि सहयोग गरेको र आर्थिक अवस्था राम्रो हुन थालेपछि शिक्षा लगायतका क्षेत्रमा सहभागिता उच्च हुँदै राजनीतिक क्षेत्रमा पनि क्रमशः सहभागिता बढ्न थालेको देखिन्छ । यसबाट नेपालमा दलित आन्दोलन र प्रजातन्त्रको प्रभावले दलित, जातिहरूहरूमा राजनीतिक चेतना उच्च हुँदै गएको पुष्टि हुन्छ ।

### ५.७ कामी जातिको अन्य जातिसँगको सम्बन्ध र परिवर्तन

नेपाली समाज बहुजातीय भएकोले यहाँ धेरै जातजातिका मानिसहरू एक आपसमा मिलेर र विभिन्न सह-सम्बन्धका आधारमा बसेको देखिन्छ । त्यस्तै गरी कामी जातिहरू पनि नेपालमा अरु विशेषतः उच्च मानिने जातिसँग विभिन्न सम्बन्ध राख्दै आएको पाइन्छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने कामीहरूको पहिलेको अवस्थामा अरु जातिसँगको सम्बन्ध रहे तापनि उनीहरूलाई तल्लो स्तरको रूपमा हेर्ने गरिन्थ्यो । उनीहरूले उपल्ला जातिहरूसँग बोल्दा हजुर तपाईं जस्ता शब्दहरू प्रयोग गर्दथे तर उनीहरूलाई बोलाउँदा तँ, तिमी भनि नेपाली समाजको तल्लो स्तरको शब्द प्रयोग हुन्थ्यो । अरुले कामी जातिलाई हेलाको दृष्टिले हेर्दथे र खासै राम्रो सम्बन्ध राख्न चाहँदैनथे तर उनीहरू भने माथिका जातसँग नजिक हुन चाहन्न थिए । जसले गर्दा समाजमा आफूलाई संरक्षण र सहयोग प्राप्त होस् भन्न चाहना राख्दथे ।

वि.स.२०४६ र विशेषत २०६३ पछि कामी जातिको अरु जातिका मानिससँग रहेको सम्बन्धमा परिवर्तन आएको देखिन्छ । जातिगत रूपमा भएको चेतना अभिवृद्धि र राजनीतिक आन्दोलनले समानताका कुराहरू उठेका छन् । जसमा पुरानो ढाँचाको सम्बन्ध विस्तारै परवर्तन भएको महसुस गरेको पाइन्छ । अध्ययन क्षेत्रका कामी जातिहरूले पनि उक्त तथ्यलाई स्वीकार गरेको पाइन्छ । छलफलको क्रममा अध्ययन क्षेत्रका कामीहरूको शैक्षिक र आर्थिक अवस्था राम्रो भएपछि अरु जातिको मानिसले पनि राम्रोसँग बोलचाल र लेनदेन गर्ने गरेको सहभागी बताउँदछन् । त्यस्तै अन्य सहभागी कामी जातिसँगको परम्परागत सम्बन्ध अन्य जातिसँग राम्रो बन्दै गएकोमा स्वीकार गर्दछन् । अध्ययन क्षेत्रमा कामी, ब्राम्हण र क्षेत्री समाजको बाहुल्यता छन् । वर्तमान समयमा सामाजिक कार्यहरूमा कामी जातिको पनि उल्लेख्य सहभागिता भएको छलफलमा बताएका छन् ।

# अध्याय : छ

# साराशं र निष्कर्ष

## ६.१साराश

कामी जाति वर्ण व्यवस्थामा आधारित जाति मध्ये एक हो । जसले छोएमा छोईछिटो हाल्नु पर्ने यिनीहरूको हातको पानी नचल्ने हाम्रो परम्परागत हिन्दु धर्ममा आधारित समाजमा परम्परादेखि चली आएको प्रथा हो । कामी जातिहरूको बोल्ने भाषा अरु जातिसँग मिल्दो हुन्छ । यिनीहरूको बोलीचाली उच्च जातिसँग समानता भएको पाइन्छ । यिनीहरूको धार्मिक तथा सामाजिक रहनसहन बाहुन क्षेत्रीसँग सामान्य मेल खाने किसिमको पाइयो । समाजशास्त्री तथा मानवशास्त्रीहरूको भनाइ अनुसार यो जाति पनि अरु आर्य जातिसँगै भारतबाट आएका हुन् भन्ने प्रचलन छ ।

यस अजयमेरु गा.वि.स.मा बसोबास गर्ने कामी जाति पनि प्राचीन समयदेखि नै यसै गा.वि.स.मा बस्दै आएको तथ्य कुरा थाहा पाइयो । यस अनुसन्धानको क्रममा अजयमेरु गा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने कामी जातिको सङ्ख्या जम्मा २१२ जना रहेकोमा जस मध्ये १०४ जना पुरूष र १०८ जना महिला रहेको पाइयो । यस अनुसार महिला पुरूषभन्दा बढी रहेका पाइयो । जसअनुसार महिला र पुरूषको लैङ्गिक अनुपात ९७.२९% रहेको पाइयो ।

## ६.२ निष्कर्ष

कामी जातिको शैक्षिक स्थिति हेर्दा त्यति अगाडी बढ्न सकेको देखिँदैन । जहाँसम्म यस अजयमेरुगा.वि.स. वडा नं. ३ मा बसोबास गर्ने कामी जातिहरूको शैक्षिक स्तर हेर्दा ३५% ले प्रा.वि. स्तरको शिक्षा हासिल गरी छाडेको पाइयो भने केहीले मात्र माथिल्लो स्तरको शिक्षा हासिल गरेको पाइयो । यस मध्ये निरक्षरको सङ्ख्या पनि रहेको पाइयो । तर हाल वर्तमान अवस्थामा उनीहरूका बालबच्चा विद्यालय जान थालेको पाइयो । विद्यालय गए तापनि शिक्षामा खासै प्रगति भएको पाइदैन । यस वडामा बसोबास गर्ने कामी जातिहरूमा सानो परिवारमा बसेको पाइयो । उनीहरू ठूलो परिवारबाट छुट्टिएर सानो परिवारमा बस्न

थाल्नु नै ब्राम्हण, क्षेत्री जातिको अनुशरण गर्नु हो । त्यसैले एकल परिवार नै यहाँ बढी भएको पाइयो ।

कामी जातिहरूका घरहरूमा पनि आधुनिकता झल्कन्छ । पुराना छाप्रा छोडेर नयाँ ढाँचाका घरहरू बनाएर बसेका छन् । यिनीहरू आफ्नो घरलाई रातो माटो र सेतो कमेरोले लिपि सिँगारेका हुन्छन् । कामी जातिहरूले आफ्नो परम्परागत पेसा बालीघरे प्रथामा पनि गरेको पाइयो । यहाँका कामी जातिहरूको विष्ट घर पर्ि नरहेको पाइयो । उनीहरू विष्टहरूका सामानहरू बनाई उनीहरूसँग त्यस बापत अन्न अथवा पैसा लिने गरेको पाइयो । यहाँ कामीहरू आफ्नो पुर्ख्यौली पेसाप्रति त्यति सकारात्मक नभएको पाइयो । किनभने पुर्ख्यौली पेसाबाट गुजारा चलाउन कठिन भएकाले उनीहरू ले यस पेसा छोडी अन्य पेसा अपनाउन बाध्य भएको पाइयो ।

कामी जातिहरूमा पहिलेको तुलनामा अहिले आएर घर परिवारमा विभिन्न सुविधाहरू प्रयोग गरेको पाइन्छ । उनीहरूका परिवारका सदस्यहरू आयआर्जन गर्न बाहिरी पेसामा लागेबाट विभिन्न भौतिक सुविधाहरू प्रयोग गरेको पाइन्छ । यहाँ कामी जातिको भाषा, संस्कृति, रहनसहन आदिमा बाहुन र क्षेत्री जातिको एकदमै प्रभाव परेको पाइन्छ । यिनीहरूले अरु जाति सरह चाडपर्व, धर्म, रीतिरिवाज परम्परा आदि अपनाउँदै आएको पाइन्छ । कामी जातिहरूलाई आफ्नो पारिवारिक गुजारा चलाउन परम्परागत पेसा (फलाम पिट्ने) ले नचल्ने भए पछि उनीहरूले आजभोलि सो पेसा छोडी कृषि पेसा साथै अन्य पेसाहरू अपनाएको पाइन्छ । कतिपय रोजगारीका लागि विदेशिएको पनि पाइन्छ ।यिनीहरूको परिवारमा बढी कृषि पेसाबाट र वैदेशिक रोजगारबाट आय आर्जन भएको पाइन्छ ।

आफ्नो जातीय पेसाबाट बालबालिकालाई पालन पोषण गर्न र शिक्षा जस्ता अत्यावश्यक कुरामा अवरोध भएकाले कामी जातिलाई परनिर्भर बनाई दिएको छ । आवश्यक परेको बेला रूपैयाँ, पैसा, अन्न उच्च जातबाटै मागी काम चलाउने यिनीहरूलई बाध्यता परेको देखिन्छ । प्रायः जसो कामी जातिहरूको भू-स्वामित्वमा रहेको जग्गा पाइयो तर नाम मात्रको जग्गा छ किनभने भएका जग्गा पाखो, कृषिको लागि त्यति उपयुक्त छैन । यसबाट के स्पष्ट हुन्छ भने यिनीहरूलाई आफ्नो जग्गाको कमाईले नपुग्ने भएकोले अर्काको जग्गा अधियाँ कमाउनु पर्ने र ज्याला मजदुरी तथा विदेशिनु पर्ने बाध्यता छ ।

त्यस्तै तिनीहरूको आयलाई विश्लेषण गर्दा सरदर वार्षिक आय १८,०००।- भन्दा बढी देखिँदैन । यस्तो सीमित आयले वर्ष दिनभरि खान, लाउन, चाडपर्व मनाउन, औषधी उपचार गर्न साथै बालबच्चालाई शिक्षादीक्षा दिन निकै कठिन पर्दछ । यस्तो स्थितिलाई हेर्दा वर्षदिनभरि खान पुग्नेभन्दा नपुग्नेको सङ्ख्या निकै बढी देखिन आउँछ । यसरी खान नै पेटभरि नपाउने समाजले देशको उत्थानमा के-काम गर्न सक्छ ? यो सोचनीय कुरा हो । यसैगरी कामी जातिहरूमा पशुपंक्षी पालनको सङ्ख्या अत्यधिक देखिन्छ । यसो हुनु पनि आफ्नो आर्थिक सुधारको केही मात्रामा भए पनि शुभ सङ्केत हो ।

आज नेपालमा मुलुकी ऐन लागु भएको धेरै समय बित्न लाग्दा पनि जातीय असमानता यथावत नै छ । सामाजिक परम्परा ठूलाबडाको मान्यता र जातीय असमानता अझै हाम्रो समाजले बोकेको छ । नियम कानुनभन्दा सामाजिक भावनामा जनचेतनाको विकास गराउनु मूल कुरा हो । अतः कामी परिवारको उत्थानको लागि सामाजिक न्याय र समानताका लागि आर्थिक उन्नति र स्वाभिमानको लागि आगामी दिनमा के-कस्ता योजना कार्यक्रम र नीति निर्माण कार्यान्वयन गर्नुपर्दछ भन्ने कुरा शोधकर्ताले निम्न सुझाव प्रस्तुत गरेको छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, राधाकृष्ण,(२०५१) *राधाकृष्णाष्टमी टिका संहिता,* पाठ्यक्रम विकास केन्द्र ।

*श्रम तथा समाज कल्याण मन्त्रालय,* (२०४४) एक प्रतिवेदन ।

श्रेष्ठ, मनोजकुमार, (२०५२) *धनकुटा जिल्ला, अखौले जितपुर गा.वि.स.का कामी जातिको सामाजिक, सांस्कृति एवं आर्थिक एक अध्ययन।*

श्रेष्ठ, ज्ञानबहादुर, (२०५०) *मुलुकी ऐन एक टिप्पणी* पैरवी प्रकाशन, काठमाडौं ।

*जिल्ला, वस्तुगत विवरण,* (२०७१) केन्द्रीय तथ्याङ्क विभाग, कास्की ।

रेग्मी, डिल्लीराम, (२०३६) *नेपालको राजनीतिक इतिहास,* एकता प्रकाशन, काठमाडौं ।

*नेपालको अन्तरिम संविधान,* (२०६३) कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय कानुन व्यवस्था समिति ।

*नेपालको मुलुकी ऐन,* (२०२०)

बराली, रणेन्द्र, (२०४०) *नेपालमा अछुत जातिको सङ्घर्ष,* तलेजु प्रकाशन, काठमाडौं ।

भण्डारी, ढुण्डीराम, (२०१५) *नेपाली ऐतिहासिक विवेचना,* रत्न पुस्तक भण्डार, काठमाडौं ।

मिश्र, चैतन्य, (२०६७) *दलित समस्या, राजनीति र अर्थतन्त्र,* समता फाउण्डेशन, ललितपुर ।

मानव अधिकार वर्ष पुस्तक, (१९९३)

विष्ट, डोरबहादुर, (२०३०) *सबै जातिको फूलबारी* साझा प्रकाशन, काठमाडौं ।

विश्वकर्मा, टि.आर, (२०३०) *नेपाल राष्ट्रिय जातिहरू परिषद्को कार्यक्रम र नीति राष्ट्रिय,* सामाजिक कार्यकर्ता गोष्ठी पञ्चायत प्रशिक्षण केन्द्र, भुजेलिया जनकपुर ।

सूचना विभाग, (२०३१)

शर्मा, जनकलाल, (१९७७) *हाम्रै समाज एक अध्ययन* साझा प्रकाशन, काठमाडौं ।

Ahuti, (2010) *Hindu Samajma Dalit Mukti ko Prashna*, Samata Foundation

Aryal, Bhojendra, (2068) *Approaches of Nepalese society and culture*, Gyankunja, Publication, Kathmandu

Blaiki, Cameron and Seddon, (1980) *Nepal in crisis*: Growth and staganation at the periphery, Oxford University

David Gellner, (1997) *Ethnicity and nationalism in the world's only HIndu state*

Hamilton, (1819) *The Kingdom of Nepal*

J.T. Hitchacle (1960) *Magars of Banyan Hill*

Kark, Patricle (1811) *An Accound of Kingdom of Nepal*

Bhaltachan, Krishna Bahadur, (2005) *Quest for Inclusiv Democracy in Nepal, INstitue of Govoernment and Development*

Sharma, Prayag Raj, (1997) *Nation Building,* Multi Ethnicity and the Hindu State

## प्रश्नावली

**१) व्यक्तिगत सूचना**

मिति :

नाम : वर्ष :

धर्म : शिक्षा :

गा.वि.स : गाउँ :

पेशा : वडा नं. :

**२) वैवाहिक स्थिति**

क) विवाहित ( )

ख) अविवाहित ( )

ग) विधवा ( )

घ) छोडपत्र दिएको ( )

ङ) एक्लै बसेको ( )

**३) परिवारको किसिम**

क) केन्द्रिय परिवार ( )

ख) संयुक्त परिवार ( )

ग) एकात्मक परिवार ( )

**सामाजिक पक्ष :**

१) तपाईको समाजमा छुवाछुतको व्यवहार छ ?

क) छ ( ) ख) छैन ( )

२) छुवाछुतको व्यवहार हुनुमा तपाइलाई के ले जस्तो लाग्छ ?

क) धर्म परम्परा( )ख) उचनिच जात( )ग) जनचेतनाको अभाव( )घ) सरसफाईको कमी ( )

३) तपाईलाई कुन कुन ठाउमा छुवाछुत गरिन्छ ?

क) मठमन्दिर ( ) ख) विद्यालय ( ) ग) होटल ( )घ) अस्पताल ( ) ङ) घर ( )

४) तपाईको विचारमा छोरीलाई विद्यालय पठाउन आवश्यक छ ?

क) आवश्यक छ ( ) ख) आवश्यक छैन ( ) ग) थाहा छैन ( )

५) तपाईलाई छुवाछुत प्रथा हटाउन के गर्नुपर्छ जस्तो लाग्छ ?

क) शिक्षाद्धारा चेतनाको उच्च विकास गराएर । ( )

ख) कानुनद्धारा कडा सजायको व्यवस्था गरेर । ( )

ग) गरिबि हटाएर । ( )

घ) धर्म परिवर्तन गरेर । ( )

६) छोराछोरी स्कूल जादा कुन जातिसँग हिड्छन् ?

क) आफ्नै जातिसँग ( ) ख) माथिल्लो जातिसँग ( ) ग) दुवै ( )

७) तपाईको शैक्षिक योग्यता कति छ ?

| **क्र.स.** | **शैक्षिक योग्यता** | **महिला** |
|---|---|---|
| १ | निरक्षर | |
| २. | साक्षर | |
| ३ | प्रा.वि. | |
| ४ | नि.मा.वि. | |
| ५ | मा.वि | |
| ६ | प्रमाणपत्र तह | |

८) तपाईको घरमा कुन स्थान हो ?

क) छोरी ( ) ख) बुहारी ( ) ग) सासु ( )

९) तपाईको परिवारकोलागि खानेपानीको मुख्य स्रोत के हो ?

क) धारा ( ) ख) खोला ( ) ग) कुवा ( )

१०) तपाईलाई श्रीमानले घरायसी कार्यमा सहयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ( ) ख) गर्नुहुन्न ( )

११) तपाईको घरको किसिम कस्तो छ ?

क) कच्ची ( ) ख) पक्की ( ) ग) खरले छाएको ( )

१२) तपाईको घरमा के बाल्नु हुन्छ ?

क) सोलार ( ) ख) टुकी ( )

१३) घरायसी कार्यको निर्णय प्रक्रियामा तपाई र तपाईको श्रीमान कसको बढी लागु हुन्छ ?

क) मेरो ( ) ख) श्रीमानको ( ) ग) दुवैको ( )

**आर्थिक पक्ष :**

१) तपाइको परिवारको मुख्य आयस्रोत के हो ?

क) कृषि( ) ख) नोकरी ( ) ग) व्यापार ( ) घ) ज्याला ( )ङ) परम्परागत पेशा ( )

२) तपाइको खेतीले कति सम्म गुजारा चल्छ ?

क) १ वर्ष ( )ख) ६ महिना ( )ग) ३ महिना ( ) घ) १ महिना( )ङ) २ महिना ( )

३) तपाईको परिवारमा कृषि क्षेत्रमा महिला पुरुष कसको बढी योगदान छ ?

क) महिला ( ) ख) पुरुष ( ) ग) दुबैको बराबर ( )

४) तपाईले अरुको जग्गा खेती गर्नु हुन्छ ?

क) गर्छु ( ) ख) गर्दिन ( )

५) गर्नु भएको छ भने कसरी गर्नुभएको छ ?

क) अधिया ( ) ख) ठेक्का ( ) ग) त्रिपाटो ( ) घ) बन्दगी ( )

६ ) तपाईले घर खर्चकोलागी के कस्तो कार्य गर्नु हुन्छ ?

क) मजदुरी ( )ख) पशुपालन ( ) ग) कृषि ( )घ) व्यापार ( )ङ) परम्परागत पेशा ( )

७) चाडपर्वकोलागि कसरी खर्च जुटाउनु हुन्छ ?

क) आफ्नै आम्दानीको स्रोतले ( ) ख) ऋृण खोजेर ( ) ग) बस्तु भाउ बेचेर ( )

८) तपाईले ऋृण लिनु भएको छ भने कहाँबाट लिनु भएको छ ?

क) कृषि विकास बैंक ( ) ख) जमिन्दार ( ) ग) साहुबाट ( )घ) नातेदारबाट ( )

९) तपाइको कुनै सदस्य विदेश जानुभएको छ कि छैन ?

क) छ ( ) ख) छैन ( )

**धार्मिक पक्ष :**

१) तपाईको धर्म प्रतिको आस्था कस्तो छ ?

क) धर्म मान्दछु ( ) ख) धर्म मान्दैन ( )

२) यदी धर्म प्रति आस्था छ भने तपाई कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दु ( ) ख) बौद्ध ( ) ग) क्रिश्चियन ( )

३) तपाईले मान्ने धर्मले लिङ्गको आधारमा भेदभाव गरेको छ की छैन ?

क) छ ( ) ख) छैन ( )

४) तपाई धार्मिक कार्यमा कत्तिको सहभागी हुन हुन्छ ?

क) छैन ( ) ख) कम मात्रामा छु ( ) ग) पुरुष जत्तिकै छु ( )

५) तपाई महिला भएकोले कुनै धार्मिक कार्यमा बन्देज छ ?

क) छ ( ) ख) छैन ( )

६) तपाई के के चाडपर्व मान्नु हुन्छ ?

क) दशै, तिहार ( ) ख) साउने,माघे संक्रान्ती ( ) ग) चैते दशै ( )

८) दशैमा बलि दिने चलन छ कि छैन ?

क) छ ( ) ख) छैन ( )

८) छ भने बलि दिदा के दिनु हुन्छ ?

क) रागा ( ) ख) बोका ( ) ग) कुखुरा ( ) घ) अन्य ( )

९) यसरी बलिदिने प्रचलन तपाईलाई उपयुक्त हो जस्तो लाग्छ ?

क) लाग्छ ( ) ख) लाग्दैन ( )

**राजनैतिक पक्ष :**

१) तपाई राजनीतिमा कत्तिको चासो राख्नुहुन्छ ?

क) सक्रिय भएर लागेकी छु ।     (   )

ख) सामान्य मतदाता मात्रै हुँ ।     (   )

ग) चाख छैन, तर भोट दिन जान्छु ।   (   )

२) तपाइलाई परिवारका सदस्यले राजनीतिमा लाग्न प्रेरणा दिनु हुन्छ की हुँदैन ?

क) दिनुहुन्छ (   )     ख) दिनु हुदैन  (   )

३) गा.वि.स. को कुनै पदमा दलित महिला हुनुहुन्छ ?

क) हुनु हुन्छ  (   ) ख) हुनु हुन्न  (   )

४) तपाइले तलकामध्ये कुनै पार्टीको नाम सुन्नु भएको छ ?

क) नेपाली कांग्रेस   (   ) ख) नेपाल कम्यूनिष्ट पार्टी (एमाले)  (   )

ग) नेपाल कम्यूनिष्ट पार्टी माओवादी  (   )

५) राजनीति प्रति तपाइको धारणा के छ ?

क) हामीले पनि राजनीतिमा भाग लिनु पर्छ ।    (   )

ख) भागलिनु हुँदैन ।     (   )

ग) दलित महिला राजनीतिमा सहभागी हुन सक्दैनन् ।  (   )

६) राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ जस्तो लाग्छ ?

क) इज्जत मान बढ्छ ।     (   )

ख) दलितको पक्षमा निर्णय गर्न पाइन्छ ।   (   )

ग) आफ्नो वर्गको समस्या राख्न पाइन्छ ।   (   )

घ) साधन र स्रोतमा पहुँच बढ्छ ।    (   )

७) तपाइले कुनै संगठनको सदस्यता लिनुभएको छ ?

क) छ  (   ) ख) छैन  (   )

८) छ भने तपाई भाषण गर्ने तथा राजनीति विचार प्रसार गर्ने  काममा लाग्नु भएको छ ?८

क) छ  (   )ख) छैन  (   )

९) तपाई कुनै निर्वाचानमा कुनै पदमा उम्मेदवार हुनुभएको छ ?

क) छ (     )          ख) छैन   (     )

१०) छ भने निर्वाचित हुनु भयो कि भएन ?

क) भए        (     ) ख) भइन      (     )

११) यदी हुनु भएन भने किन ?

क) पार्टी कमजोर भएकोले     (     ) ख) दलित जातिको महिला भएकोले (     ) ग) अन्य (     )